# झुलेनी पोष्ट

www.jhulenipost.com

साप्ताहिक

वर्ष ९, अंक ५, २०७९ भाद्र ०७ मंगलवार (Jhuleni Post Weekly) 23 Aug. 2022 पृष्ठ ८, मुल्य रु. २०



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, विजुवार

Email : jhulenipyuthan@gmail.com


## प्यूठान अस्पतालमा डेलीभरी रिफर शुन्य

# साउनमा मात्रै २ सय ४० जना डेलिभरी




**बोमबहादुर परियार**

**झुलेनी पोष्ट प्यूठान**

पछिल्लो केहि महिना देखि प्यूठान अस्पतालमा आउने डेलीभरीलाई अस्पतालमै सबै उपचार गराउने व्यवस्था मिलाउन थालिएको छ । यसले गर्दा प्यूठान अस्पताल डेलिभरी रिफर शुन्य अस्पताल बन्दै छ । केही समय अगाडि बाहिरी मेडिकलमा बिरामी हेरेको भन्दै विवादमा मुछिएका प्यूठान अस्पतालका डाक्टर सन्तोस के.सी डेलिभरीको लागि अस्पतालमा आउने बिरामीको निगरानीमा निकै खट्न थालेका छन् । उनी शल्यक्रिया गर्न पर्ने बिरामीलाई रातदिन नभनि खटेर शल्यक्रिया गर्न थालेपछि प्यूठान अस्पताल शुल्य डेलिभरी रिफर अस्पताल बनेको हो । अस्पतालका अनुसार साउनमा मात्र प्यूठान अस्पतालमा २ सय ४० जना डेलिभरी भएका छन् । साउनमा २ सय १० वटा सामान्य र ३० वटा शल्यक्रिया माध्यामबाट डेलिभरी गराएको प्युठान अस्पतालका जनरल प्राक्टिसनल एवम् ईमर्जेन्सी फिजिसियन एम.डि.जि.पि. डाक्टर सन्तोस केसीले बताए । गुल्मी अर्घाखाँची र रोल्पाबाट रिफर भएर बिरामी प्यूठान अस्पतालमा आउँछन् । बिरामीहरु प्राय सुत्केरी महिला आउने गर्दछन् । अस्पतालमा प्रसुती कक्ष साँघुरो हुँदा एउटा बेडमा ३/३ जना बिरामी

बाँकी ५ पेजमा

## गौमुखीको तामाखानीलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिदै

गौमुखीमा रहेको तामाखानीलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गरिने भएको छ । गौमुखी गाउँपालिका वडा नं.४ पुजा स्थित जादगाउँमा रहेको तामाखानीलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न लागिएको गौमुखी गाउँपालिकाले जनाएको छ । गौमुखी गाउँपालिकाले तामाखानीलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने भनी यस वर्ष पालिकाबाट १० लाख रुपैया बजेट विनियोजन गरेको छ । तामाखानी अवलोकनका लागि त्यहाँ सिढी, रेलिङ्ग, सोलार बत्ती व्यवस्थापन एवम् अन्य भौतिक संरचनाहरुको विकास विस्तार गरिने पालिका उपाध्यक्ष महाविर रानाले बताए । परापुर्व कालमा उक्त स्थानबाट तामा उत्खनन् गरि बनाइएका भाडाकुडाहरु त्यहाँका स्थानीयले अझै पनि प्रयोग गर्दै


बाँकी ५ पेजमा

## जीवनको रङ्ग

# जो दीप बनेर अस्थाए

**झुलेनी पोष्ट**

**प्यूठान**



शनिबार राति समाजवादी चिन्तक एवं दार्शनिक व्यक्तित्व प्रदीप गिरिले भौतिक देह त्याग गरेका छन् । उनको बारेमा सामाजिक सञ्जालका भित्ताहरू रंगिएका मात्र छैनन्, सिंगो देश नै 'बौद्धिक शून्यता' मा प्रवेश गरेजसरी स्तब्ध भएको छ । प्रदीप गिरिले आजीवन आफूलाई राजनीतिज्ञका रूपमा उभ्याएका थिए । तर सत्ता उनले साध्य कहिल्यै बनाएनन् । राजनीति उनले साधन र साधनाको हतियार भन्थे । २०५६ सालको आम निर्वाचनमा पराजय पश्चात् राष्ट्रिय सभामा मनोनीत गरेर मन्त्री बनाउन कृष्णप्रसाद भट्राइले आग्रह गर्दा सहर्ष इन्कार गरेका थिए ।

प्रदीप गिरिको रुचि साहित्य, अध्यात्म, राजनीति थियो । तर,उनले राजनीतिक व्यक्तित्वले साहित्यिक र आध्यात्मिक व्यक्तित्वलाई ओझेलमा पारेको थियो । गिरि पार्टीको सदस्य भए पनि विवेकको कुरा बोल्थे । विवेकलाई माथि राखेर अन्तरआवाजको कुरा बोल्दा कहिलेकाहीं पार्टीको निर्णयका विरुद्ध पनि हुन्थ्यो । तर उनलाई किन विरोधमा बोलेको भनेर प्रश्न गर्न सक्ने नेता पार्टीमा थिएन । पार्टीको केन्द्रीय सदस्यबाट माथि जान नखोज्ने, सांसद पटक-पटक बन्ने तर मन्त्री कहिल्यै हुन खोजेनन् । गिरि बनारमा अध्यान गर्दा देखिनै आफूलाई अब्बल सावित गरीसकेका थिए । बनारसमा बीपी, सुवर्ण र पुष्पलालपछिको चौथो डन उनीनै बनेका थिए । अध्ययनमा तगडा, संगठन गर्न सिपालु थिए । आफूलाई नेपालमा भएको एक मात्र मार्क्सवादी दावा गर्ने प्रदीप गिरिलाई नेपाली कम्युनिस्टहरूले बारम्बार मार्क्सवाद प्रवचन गर्न लगाए । कांग्रेसको मात्र गुरु रहेका गिरी यसरी नेपाली कम्युनिस्टका पनि गुरु भएका थिए । सधै निष्ठाको राजनीति गर्ने गिरि देशकै गुरु बनेर अस्थाएका छन् ।

## हाम्रो नजर

### ५ वर्ष देखी ११ वर्षसम्मका बालबालिकालाई कोरोना विरुद्ध खोप लगाइदै




*बालबालिकालाई कोभिड -१९ विरुद्धको फाइजर-बायोएनटेक खोप दिईने भएको छ । विहीबार स्वास्थ्य कार्यलय प्यूठानले जिल्लाका संचारकर्मीहरुसगँको अन्तक्रिया कार्यक्रम मार्फत भदौ ५ गतेदेखी कोभिड -१९ विरुद्धको खोप अभियान अन्तर्गत ५ वर्ष देखी ११ वर्षसम्मका बालबालिकालाई खोप दिन लागिएको जनाएको छ । जिल्लाका ३८ हजार ४ सय ९४ जना लक्षित वर्गका बालबालिकालाई बायोएनटेक खोप दिन थालेको कार्यालयले जनाएको छ । स्वास्थ्य कार्यालय प्यूठानको निर्देशनअनुसार जिल्लाका नौ वटै स्थानीय तहहरुले भदौ ५ गते देखी ११ गते सम्म एकै चरणमा खोप अभियान चलाउँदै छन् । जिल्लाभर ३ सय ७८ वटा खोप केन्द्रबाट खोप प्रदान गरिने कार्याले जनाएको छ । खोप अभियानका लागि जिल्लाभर ५ सय ९ जना स्वास्थ्यकर्मी र १ हजार १८ जना स्वंयसेवक खटाइने स्वास्थ्य कार्यालय प्यूठान जानकारी दिएको छ । ५ वर्ष देखी १२ वर्ष मुनिका बालबालिकाहरुलाई दिइने फाइजर बायोएनटेक खोप सुन्तला रगंको बिर्कोले चिनाईएको छ । खोप दिनु अघि खोपको भायलमा घोलकको १.३ मि.लि. मात्रा घोलेर खोप दिइने बताइएको छ । घोलक घोली सकेपछि अधिक्तम ६ घण्टा भित्र खोप दिइसक्नु पर्ने छ । खोप लागाएका बालबालीकालाई २१ दिन पछि दोस्रो मात्रा दिइने स्वास्थ्य कार्यालय प्यूठानका प्रमुख मधुसुदन खड्काले बताए । देशभरका ३९ लाख ९५ हजार ८ सय ६८ जना लक्षित समुहका बालबालिकालाई यो खोप दिइने छ । यो खोपको प्रभावकारिता ९१ प्रतिशत रहेको अध्ययनले देखाएको छ ।*

## किसानले सहजै मल पाउने कहिले ?




*खेतवारीमा खाद्यान तथा तरकारी उत्पादनका लागि आवश्यक पर्ने युरिया मल जहाँतही नपाईदा किसानले समस्या भोगिरहेका छन् । सरोकारवाला निकायले समयमै पहल नथाल्दा किसान समस्यमा परेका हुन् । जिल्लामा मलको अभाव भएसगैं एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय प्यूठानले स्थानीय तहको मातहतमा रहने गरि सहकारी संस्थाहरुलाई मल वितरण गर्ने जिम्मा दिदाँ पनि मल पाउन सहज भएको छैन् । जिल्लका स्थानीय तहहरुले आफ्नो मातहतमा रहनेगरि सहकारी संस्थाहरुलाई मल वितरण गर्ने जिम्मा दिएसगैं सहकारी संस्थाहरुले किसानलाई नागरिकताकाको आधारमा मल जनता सहकारी संस्था विजुवारले स्थानीय तहहरुले वितरण गर्न थालेपनि किसानलाइ मलको लागि अझै सहज भएको छैन् ।*

*स्थीनय तहहरुले भौगोलिक क्षेत्रको पहिचान नगरि मल वितरण गर्ने जिम्मा दिदाँ नागरिकले सास्ती भोग्नु परेको गुनासो गरेका छन् । ५/७ किलो मल किन्नको लागि पालिकाले तोकेकै इजाजत प्राप्त गरि सहकारीमा पुग्नु पर्ने हुदाँ नजिकका किसानहरु मर्कामा परेका हुन् । किसानलाई पाइभेग पर्ने सहकारी संस्थाबाट मल किन्ने व्यवस्था मिलाउनका लागि सम्बन्धीत निकायसगँ छलफल गर्ने तयारी भैरहेको जनता सहकारी संस्था विजुवारले जनाएको छ । सरकारी अनुदानबाट प्राप्त १ सय ५७ मेट्रिक टन युरिया मल मध्ये १ सय ४७ टन मल जिल्लामा आइपुगेको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय प्यूठानले जनाएको छ ।*

झुलेनी पोष्ट
सम्पादकीय....

## कित्ताकाटको अन्यौल छिटो समाधान गर

*सरकारले घरजग्गाको कित्ताकाट रोकेपछि आम सर्वसाधारण समस्यामा परेका छन् । अलग भएका दाजुभाइले बुबा/आमाबाट अंश पाउन सकेका छैनन् । जग्गा बिक्री गरेर व्यापार व्यावसाय गर्ने, छोराछोरी विदेश पठाउनेहरुले पठाउन पाएका छैनन् । घरजग्गा कारोबारमा कडाइ गर्ने सरकारलले नीति ल्याएपछि जग्गा कित्ताकाट बन्द भएको हो । लामो सयमसम्म पनि ठोस योजना सहित घरजग्गाको समाधान नगर्दा सर्वसाधारण समस्यामा परेका हुन् ।*

*स्थानीय तहले जग्गा वर्गीकरण भर्ने भनेपनि वर्गीकरणको काम अझै थालेका छैनन् । सरकारले गत जेठ २७ मा भूउपयोग नियमावली ०७९ कार्यान्वयन गर्न १२ बुँदे निर्णय गरेसँगै कित्ताकाट रोकिएको हो । भूमि मन्त्रालयले परिपत्र गरेको मन्त्रिपरिषद्को निर्णयको बुँदा १ मा "खेतीयोग्य जग्गा (कृषि क्षेत्र) वा गैरकृषि क्षेत्र निर्धारण गर्ने प्रयोजनका लागि स्थानीय भूउपयोग परिषद्ले भूउपयोग ऐन, ०७६ र भूउपयोग नियमावली, ०७९ ले तोकेको मापदण्डका आधारमा कृषि क्षेत्र र गैर कृषि क्षेत्र वर्गीकरण गर्नुपर्नेछ । सोही निर्णय बमोजिम मात्र स्थानीय तहले कित्ताकाट प्रयोजनका लागि सिफारिस गर्नुपर्ने" उल्लेख छ । स्थानीय तहले कृषि क्षेत्र र गैरकृषि क्षेत्र वर्गीकरण गरिनसक्दा समस्या परेको हो । स्थानीय भूउपयोग परिषद्ले कृषि र गैर कृषि छुट्याई सिफारिस गरेको खण्डमा मात्रै अहिले कित्ताकाट हुने छ ।*

*दुई महिनाभन्दा बढी समय हुँदासमेत सबै पालिकाले जग्गा वर्गीकरण नसकेपछि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै आगामी मंसिर २३ गतेसम्म कृषि तथा गैरकृषि जग्गा छुट्याउन सबै पालिकालाई परिपत्र गरेको छ । तत्कालका लागि स्थानीय भूउपयोग परिषद्बाट निर्णय गरी कृषि र गैरकृषि क्षेत्र मात्रै छुट्याउनुपर्ने मन्त्रालयले जनाएको छ । नापी विभागले ७५३ वटै पालिकाको भूउपयोग नक्सा, त्यसको विद्युतीय अभिलेख वा तथ्यांक तयार गरी सम्बन्धित पालिकालाई हस्तान्तरण गरिसकेको जनाएको छ। पालिकाले उक्त नक्सा तथा तथ्यांकको प्रयोग गरी भूउपयोग क्षेत्र छुट्याउन सक्नेछन् । खेतीयोग्य जग्गा वा गैरकृषि क्षेत्र निर्धारण गर्ने प्रयोजनाका लागि स्थानीय भूउपयोग परिषद्ले भूउपयोग ऐन ०७६ र भूउपयोग नियमावली ०७९ मा तोकिको मापदण्डका आधारमा कृषि क्षेत्र र गैरकृषि क्षेत्र वर्गीकरण गर्नुपर्ने व्यवस्था छ । यसरी जग्गा वर्गीकरणपछि मात्र गैरकृषि जग्गालाई स्थानीय तहले कित्ताकाट प्रयोजनाका लागि सिफारिस गर्न सक्नेछ ।*

# नम्बर होइन, सृजनशीलता



मञ्जु भट्ट

***हरेक विद्यार्थीको क्षमता अलगअलग हुन्छ, र उनीहरूको आफ्नो क्षमता अनुरूप हुर्कने वातावरण अभिभावक र विद्यालयले बनाउनुपर्छ ।***

साउनमा एसईईको परीक्षाफल प्रकाशित भयो। यसपालि विद्यार्थीहरूको नजिता निकै कमजोर आयो। एसईई उत्तीर्ण गरेका विद्यार्थीहरूले ९ कक्षा वर्षभरि नै लकडाउन भोग्नुपर्‍यो। दस कक्षामा पनि राम्ररी पढ्न सकेनन् । लकडाउन अवधिभर कतिपय विद्यालयले अनलाइन कक्षा सञ्चालन गरे। धेरै अभिभावकलाई अनलाइन कक्षाका लागि उपकरण, इन्टरनेट जुटाउँदैमा समय बित्यो। एक त नियमित कक्षा भएन अर्को अनलाइन कक्षा लिए पनि त्यति फलदायी देखिएन। अझ सामुदायिक विद्यालयका लाखौं विद्यार्थीले त अनलाइन कक्षा पनि लिन पाएनन्, केही महिना पढेर परीक्षा दिनुपर्‍यो। शिक्षकहरूले हतारहतारमा पाठहरू सकाउँदा विद्यार्थीहरूले राम्रोसँग दोहोर्‍याउनसमेत पाएनन्। यसको प्रत्यक्ष असर एसईईको परीक्षाफलमा देखियो।

कक्षामा एकचोटि सिकाउँदा नबुझ्ने, शिक्षकलाई सोध्न डराउने, घरमा पढ्न अल्छी गर्ने, उपकरणहरूमा भुल्ने, अभिभावकलाई नटेर्ने विद्यार्थीहरूका लागि ट्यूसन कक्षा पनि धेरै उपलब्धिमूलक हुन्छन्। घरमा एक्लै बसेर पढ्न अल्छी गर्ने आभिभावकहरूलाई 'पढिरहेको छु' भनेर ढाँट्ने, चुकुल लगाएर पढेको बहाना बनाउने विद्यार्थीहरूलाई ट्यूसन राख्दा शिक्षकको डरले नै भए पनि धेरै कुराहरू सिक्थे। तर लकडाउनका कारण न विद्यार्थीले अनलाइन कक्षामा मन लगाएर पढ्न सके न अतिरिक्त कक्षाहरू पढ्न पाए न त आफैंले घरमा पढ्ने कोसिस नै गरे। कतिले त लामो समय पढाइबाट टाढिँदा, लकडाउन अघि पढेको पनि बिर्सिए, जसका कारण एसईईमा कमजोर भए। यो एसईईमा गणितमा कम अंक आएको पाइयो, नियमित अभ्यासको अभावमा यस्तो भएको हो।

सोचे अनुसारको परीक्षाफल नपाएपछि कतिपय विद्यार्थी निराश भएका छन्। धादिङकी ईशा सुवेदीले त नतिजा राम्रो नआएका कारण आत्महत्या नै गरिन् । यस्तो अप्रिय घटना पहिले पनि हुँदै आएका थिए। एसईईलाई हाउगुजी बनाइएका कारण विद्यार्थीहरूलाई 'जसरी पनि परीक्षामा राम्रो गर्नुपर्छ' भन्ने धारणा बसिसकेको छ। अभिभावक, विद्यालय, कलेज तथा सरकारका तर्फबाट पनि विद्यार्थीहरूलाई यस्तो दबाब दिइन्छ। तर अब समय त्यस्तो छैन। कक्षा बाह्रको बोर्ड परीक्षालाई बरु पहिलेको एसईईजस्तो मान्यता दिने भनिएको छ। अब एसईईलाई फलामे ढोका सम्झिनु पर्दैन। पास नभए आफ्नै हत्या गर्नु पर्दैन। एक पटकको जीवनलाई जाबो एसईईका लागि बलिदान दिनु कदापि हुँदैन। जीवन बाँच्ने हजार कला, लाखौं उपाय छन्। यस्ता विषयमा पनि विद्यालयले सिकाउनुपर्छ, अभिभावकले ध्यान दिनुपर्छ। एसईईपछि कक्षा ११ मा छोराछोरी भर्ना गर्न अभिभावकलाई सकस भइरहेको छ। सहरी भेगका प्रायः कजेलले लाख रुपैयाँभन्दा कममा विद्यार्थीहरूलाई भर्ना गर्न मानिरहेका छैनन्। कापीकिताब, पोसाक, बस भाडा, खाजा खर्च, भर्नाशुल्क सुनेर अभिभावकको होस उड्न थालेको छ। विद्यार्थीहरूलाई चर्को शुल्क तिरेर पढ्न निकै गाह्रै भइरहेको छ। सरकारले यस्तो विषयमा ध्यान दिन नसकेकाले अभिभावकले नै छोराछोरीको पढाइमा विशेष ध्यान दिनुपर्छ। उच्च शिक्षामा निकै लगानी गर्नुपर्ने हुँदा, बेलैमा छोराछोरीको पढाइमा रुचि नदेखाए अन्तमा पछुताउनुभन्दा अरू उपाय रहन्न। सबै विद्यार्थीको पढ्ने क्षमता उस्तै हुँदैन। शिक्षकहरूलाई विद्यार्थीहरूले परीक्षामा कस्तो गर्न सक्छन् भन्ने राम्रोसँग थाहा हुन्छ। तर कतिपय अभिभावकलाई थाहा हुँदैन। सबै विद्यार्थीको पढ्न सक्ने क्षमता एउटै नभए पनि अभिभावकले छोराछोरीलाई, परीक्षामा राम्रो अंक ल्याउने अरू विद्यार्थीसँग तुलना गरिदिँदा उनीहरूमा नैराश्यता उत्पन्न हुन्छ। कमजोर विद्यार्थीलाई जसरी पनि राम्रो नतिजा ल्याउनैपर्छ भनेर अभिभावकले दबाब दिँदा विद्यार्थीहरू 'डिप्रेसन' मा समेत जान सक्छन्। कतिपय पढे-लेखेका अभिभावकलाई यो कुरा थाहा भए पनि निरक्षर अभिभावक अनभिज्ञ हुन्छन्। उनीहरू अरूका छोराछोरीले राम्रो गरेको देखेपछि आफ्नाले पनि त्यस्तै गर्नुपर्छ भनेर दबाब दिन्छन्। अभिभावकले सोचेजस्तो गर्न नसकेपछि छोराछोरी अप्रिय कदम उठाउन पुग्छन्। कुनै विद्यार्थी गणितमा कमजोर छ भने अंग्रेजीमा राम्रो हुन सक्छ। वक्तृत्व कलामा राम्रो हुन सक्छ, राम्रो चित्र बनाउन सक्छ, गीत गाउन-बाजा बजाउन सक्छ, खेलकुदमा अगाडि हुन सक्छ। हरेकको क्षमता अलगअलग हुन्छ, र उनीहरूको आफ्नो क्षमता अनुरूप हुर्कने वातावरण अभिभावक र विद्यालयले बनाउनुपर्छ। शिक्षकले विद्यार्थीहरूले यतिसम्म सजिलै गर्न सक्छन्, योभन्दा बढी थोपर्दा गाह्रो हुन सक्छ भनेर खुलस्त रूपमा अभिभावकलाई बताउनुपर्छ। अभिभावकले पनि आफ्ना विद्यार्थीले कति गर्न सक्छ भन्ने बुझेर मात्र सो अनुरूपको अपेक्षा राख्नुपर्छ।

सबै विद्यार्थी पढेर डाक्टर, इन्जिनियर नै बन्नुपर्छ भन्ने छैन। उनीहरूको क्षमता र रुचि अनुसार नै हुर्कन दिनुपर्छ। तर शिक्षक, अभिभावकहरूले पढाइको महत्त्व भने बुझाइरहनुपर्छ। एउटै आमाबुबाका छोराछोरीमा समेत पढ्ने क्षमता फरकफरक हुन्छ। दाइले राम्रो गर्‍यो भन्दैमा बहिनीले पनि राम्रो गर्न सक्छे भन्ने हुन्न। यस्तोमा दाइले कति राम्रो परीक्षाफल ल्यायो, तिमीले त्योभन्दा राम्रो ल्याउनुपर्छ है भनिरहनु हुँदैन। बरु राम्रो पढ्नुपर्छ, मिहिनेत गर्‍यो भने असम्भव केही छैन भनेर दबाब नदिई सम्झाउन सकिन्छ। ताकि कुनै अप्रिय घटना नहोस्। यतिखेर धेरै विद्यार्थी आफ्नो परीक्षाफल देखेर दुःखी भएका छन्। कक्षामा पनि ध्यान दिएर नपढ्ने, अनलाइन कक्षा पढ्ने समयमा पनि मोबाइल चलाएर बसेका तथा घरमा मिहिनेत नगर्नेहरूको परीक्षाफल राम्रो हुन सकेन। अन्तमा आएर दुःखी हुनुभन्दा सुरुमै बुझेर पढ्न सकेमा कहिले पनि पछुताउनु पर्दैन। अभिभावकहरूले पनि परीक्षाफल हेरेर गाली गर्नुभन्दा 'मिहिनेत गरेर पढेका थियौ' यस्तो नतिजा आयो भनेर सम्झाउनुपर्छ। उनीहरूलाई आफूलाई सुधार्ने अवसरहरू सृजना गर्नुपर्छ। कक्षा दस नै पढाइको अन्तिम खुड्किलो होइन।


## सडक डिभिजन कार्यालय जसपुर प्यूठानको सुचना

**१) सडक अतिक्रमण नगरौं, जिम्मेवार नागरिक बनौं ।**
**२) सडक अतिक्रमण गरी बनाइएका घर टहरा तथा संरचना तत्काल हटाऔं ।**
**३) सडकमा फोहोर नगरौं, निर्माण सम्बन्धी राखीएका सामग्री यथाशिघ्र हटाऔं ।**
**४) सडक क्षेत्रमा खाल्डो नखनौं, बिग्रिए मर्मत संभार गरौं, कार्यालयलाई खबर गरौं ।**
**५) सडक आसपास क्षेत्रमा ढुंगा, बालुवा, गिट्टी, ननिकालौं।**
**६) सडक क्षेत्रमा डम्पिङ नगरौं, घर बनाउँदा सडक कार्यालयले तोकेको दुरी कायम गरी निर्माण गरौं ।**
**७) सडक तोडफोड गरे वा बिगारेमा सडक ऐन अनुसार कारवाही हुनेछ ।**

**विस्तृत जानकारीका लागि सडक डिभिजन कार्यालय जस्पुरमा सम्पर्क गरौं ।**

**अनुरोधक :**
**सडक डिभिजन कार्यालय जसपुर, प्यूठान ।**

# राजधानी स्थान्तरण र जग्गा फुकुवामा विलम्ब किन ?



सन्तोषकुमार गुप्ता

लुम्बिनी प्रदेशको स्थायी राप्ती उपत्यका देउखुरी घोषणा भएको दुई वर्ष भन्दा बढी भई सक्यो तर राजधानी कार्यान्वयको बिषय भने जस्ताको त्यस्तै नै छ। यत्तिका समय सम्म पनि राजधानी किन स्थान्तरण हुन सकेन त ? यो मेरो मात्र प्रश्न होइन, यो प्रश्न राजधानीबासीहरूको मात्र पनि होइन, यो प्रश्न त सिङ्गो लुम्बिनी प्रदेशबासीको हो । आखिर यो प्रश्नको जवाफ कसले दिने हो त ? अनि त्यो जवाफको विश्वास नै गरिहाल्ने आधार के हो ? किने भने बर्तमान मुख्यमन्त्री कुलप्रसाद केसीले स्थायी राजधानी राप्ती उपत्यका देउखुरीमा आएर धेरै पटक अब तत्काल सबै मन्त्रालयहरू आउँछन् र सबै काम स्थायी राजधानी देउखुरीबाट हुन्छ भन्न थालेको पनि धेरै भयो। धेरै पटक धेरै मिति र समय पनि दिनु भयो । तर उहाँले दिएको मिति र समय सबै बिते तर स्थायी राजधानीमा मन्त्रालयहरू आउन सकेनन्।

राजधानी घोषणा हुँदा सबै भन्दा बढी खुसी भएका राजधानीबासी यति बेला भने सबै भन्दा पिडित र दुखी भएका छन् । त्यो किन भने,- राजधानी घोषणा संगै प्रदेश सरकारले स्थायी राजधानीमा भूमाफियाहरूको व्यापक जग्गा कारोबार नियन्त्रण संगै अनावश्यक जग्गा खण्डीकरण रोकी राजधानीबासीलाई बास्तविक राजधानीको अनुभूति दिलाउनका लागि थियो । त्यति बेला राजधानी घोषणा संगै राजधानी व्यवस्थापनको काम गर्ने र राजधानी क्षेत्रको मास्टरप्लान अर्थात बृहत्त गुरूयोजना बनाउनका लागि प्रदेश पूर्वाधार विकास प्राधिकरणको कार्यालय नै स्थायी राजधानीको बिजौरीमा कार्यालय स्थापना गरी काम पनि शुरू गरियो। प्राधिकरणको कार्यालय स्थापना भई काम शुरू गरेको झण्डै दुई बर्षपछि बल्लतल्ल प्राधिकरणले मास्टरप्लान तयार गरी आफ्नो राय सहितको मास्टरप्लान प्रदेश सरकारलाई बुझायो। त्यो मास्टरप्लान दुई वटा सिओले बनाए। सरकार परिवर्तन संगै प्राधिकरणका सिओ पनि परिवर्तन गरियो। यसरी दुई वटा सिओद्धारा तयार पारिएको मास्टरप्लान प्रदेश सरकारले स्वीकार गरिसकेको अवस्था पनि छ। तर बिडम्बनाका साथ भन्नु पर्छ अहिले सम्म राजधानीबासीको जग्गा फुकुवा हुन सकेको छैन। साच्चिकै भन्ने हो भने राजधानीबासी यति बेला साह्रै पिडित भएका छन् । एकातिर स्थायी राजधानीमा मन्त्रालयहरू नआउनु अर्थात राजधानी स्तान्तरण हुन नसक्नु आर्को तिर मास्टरप्लान तयार गरेर प्रदेश सरकारले स्विकार गरिसक्दा समेत राजधानीबासीको जग्गा फुकुवा हुन नसक्नु ठुलो बिडम्बना हो। आखिर राजधानी व्यवस्थापनमा असर नपर्ने गरी केही सर्तहरू राखेर जग्गा फुकुवा गर्दा के फरक पर्छ र ? राजधानी क्षेत्रका राजनितीदलका अगुवाहरू, जनप्रतिनिधि, नागरिक समाज, सम्पूर्ण राजधानीबासीले नै जग्गा फुकुवा हुनुपर्दछ भनेर माग गरिरहँदा आखिर प्रदेश सरकारले किन जग्गा फुकुवा गर्न चाहँदैन त ? यसमा मुख्यमन्त्री, मन्त्रीहरू र प्रदेश सरकारको के स्वार्थ छ त ? केही सर्तहरू राखेर जग्गा फुकुवा गर्दा प्रदेश सरकारलाई के घाटा हुन्छ ? अनि जनताको जग्गा फुकुवा नगर्दा सरकारलाई के फाइदा हुन्छ त ? यो आम राजधानीबासीले जान्न र बुझ्न जरूरी छ। अन्यथा आफ्नो स्वार्थका निम्ति लाखौं राजधानीबासीको भबिष्य माथि कुठाराघाट गर्ने अधिकार प्रदेश सरकारलाई छैन । जग्गा फुकुवा नहुँदा उद्योगी, ब्यापारीहरूले कारोबार गर्न पाएका छैनन् । जग्गाजमिन बेचेर उच्च शिक्षा पढाउनेले पढ्न पाएका छैनन् । जग्गा बेचेर बिहे गर्नेहरूको जनैसुपारी मात्र भएको छैन। कागजमा लाखौं सम्पत्ति छ तर गोपीमा दाम नहुँदा पढ्नेले पढ्न पाएका छैनन्। उपचार गराउन नपाएर ज्यान गुमाउने अवस्थामा पुगेका छन् । बिबाह, ब्रतबन्ध पनि अहिले सम्म हुने सकेको छैन् । यो कस्तो दुर्भाग्य ? आफ्नै सम्पत्ति बेच्न समेत नपाउने यो कस्तो लोकतन्त्र हो ? राजधानी व्यवस्थापनाको नाममा जनताको सम्पत्ति कारोबारमा बन्देज लगाउने अधिकार प्रदेश सरकारले कसले दियो ? संविधानको कुन धाराको उपधारामा राजधानी व्यवस्थापन गर्दा जनताको जग्गा रोक्का गर्न प्रदेश सरकारलाई अधिकार दिएको छ ? सरकार हो भन्दैमा सत्ता र शक्तिको दुरूपयोग गरेर जनताको मानब अधिकार हनन् गर्न पाइन्छ ? के यही हो लोकतन्त्रको मूल्य र मान्यता ? कानुन बिपरित सरकारलाई जे पायो त्यही गर्न कसले दियो छुट ? जनतालाई भन्दा आफूलाई राजा महाराजा सम्झिने प्रबृति हावीको प्रतिफल हो यो। यी प्रबृतिको अब अन्त्य हुन जरूरी छ। जग्गा रोक्का हुँदा यतिका समय सम्म चुप लागेर नबसेको पनि होइन तर यतिका लामो समयमा जनतालाई बिचल्ली बनाउन पाइन्छ ? विकल्प खोज्नु पर्दैन । सरकार भनेको जनताको अभिभावको की जनताको शासक हो ? अझै पनि उही शासक प्रबृति ? यदि त्यसो हो भने त्यसको पनि जनताले राम्रै संग जवाफ दिनेवाला छन्।

हामीले प्रष्ट रूपमा देखेका छौं, केही मन्त्रालयहरू पनि स्थायी राजधानी राप्ती उपत्यका देउखुरी नआएका पनि होइनन् तर आएका दुई वटै मन्त्रालयहरूमा हरिबिजोग छ । मन्त्रालयमा कार्यालय सहयोगी बाहेक अरू कोही पनि भेटिदैनन् । मन्त्रालय उद्धाटनको दिन देखि अहिले सम्म मन्त्रीहरूको पाइलो ती मन्त्रालयमा पुगेको छैन। ती मन्त्रालयमा न त कर्मचारी नै छन् न त कहिले मन्त्री नै भेटिन्छन्। यस्तो प्रबृतिबाट स्थायी राजधानी कार्यान्वयन सम्भव छ, त ? यस्तो तरिकाको राजधानी कार्यान्वयनले देउखुरीबासीलाई हर्ष न बिषमात जस्तै बनेको छ। अहिले स्थायी राजधानी राप्ती उपत्यका देउखुरीमा दुई वटा मन्त्रालयहरू छन् । एउटा सहरी विकास, संस्कृति तथा पर्यटन मन्त्रालय र आर्को स्वास्थ्य जनसंख्या तथा परिवार कल्याण मन्त्रालय छन्। यी नाम मात्रका मन्त्रालय छन्। न त मन्त्री छन् न त कर्मचारी नै। यस्तो हरिबिजोगको मन्त्रालयहरू किन देउखुरीमा ल्याईयो ? यसरी कर्मचारी बिनाको दुई वटा मन्त्रालय किन स्थायी राजधानी देउखुरीमा ल्याईयो त ? यो सबै सस्तो लोकप्रियता कमाउन बाहेक

अरू केही होइन। मैले मन्त्रालय स्थायी राजधानीमा ल्याए भनेर फेरि यस पटकको चुनाबमा ब्याज कमाउन कै लागि हो, अरू केही होइन। दरबार बिनाको सिंह र सिंह बिनाको दरबारको कुनै औतित्य छैन। हामीलाई त सिंह र दरबार दुई वटै चाहिएको हो । अहिले पनि राजधानी कार्यन्वयनको बिषय भनेको यी दुई मन्त्रालयको जस्तो नै हो । चुनाबी महोल खडा गरेर भोट बैंक बनाउन फेरि पनि राजधानीबासीलाई झुकाउन खोजिदैछ । मुख्यमन्त्रीको कार्यालय, अन्य मन्त्रालयहरू आउने भनेका केही दिनका लागि वा चुनाब सम्मको लागि मात्र हो। चुनाबपछि ती मन्त्रालयका सबै काम बुटवलबाट हुनेमा कुनै दुई मत छैन । अहिलेको राजधानी कार्यान्वयन भनेको चुनाब जित्नका लागि हो । बास्तविक रूपमा होइन भन्ने आम प्रदेशबासीले बुझ्न जरूरी छ। आजभोलीका नेता, मन्त्रीहरूको बोलीमा कुनै सत्यता छैन। न त ती मन्त्री र नेताहरूलाई लाज, डर र त्रास केही पनि छैन। छ, त केबल सत्ता स्वार्थ मात्र। कसरी सत्तामा पुग्न सकिन्छ ? के गर्दा चुनाब जितिन्छ ? के बोल्दा जनताले भोट दिन्छन् भन्ने बाहेक अरू कहि छैन। त्यसका लागि यिनीहरू जे गर्न पनि पछि पर्दैनन्।

त्यसैले अब प्रदेशबासीले स्पष्ट रूपमा बुझ्न जरूरी छ, को राजधानी पक्षघर हो ? को राजधानीको विपक्षधर हो ? अब आउने चुनाबबाटै राजधानी बिरोधी शक्तिहरूलाई जरै उखेलेर फाल्न जरूरी छ। गठबन्धनको आडमा भई रहेका राजधानी बिरोधी कृयाकलापको कडा रूपमा प्रतिपाद गर्न जरूरी देखिन्छ। यदि साँच्ची कै हो भने प्रदेश सरकारले २०७९ असोज २४ गते राती १२ सम्म सरकारबाट निर्णय गरेर तत्काल पुरै मन्त्रालय, विभाग र निर्देशनालयहरू स्थायी राजधानीमा सरेर काम शुरू गरिसक्नु पर्दछ । अन्यथा चुनाब पछि गयो भने थप पाँच बर्ष यसरी नै राजधानी कार्यान्वयन नभएर गफगाफ गरेर बित्ने निश्चित प्राय छ।

आर्को तिर प्रदेश सरकार राजधानी स्तान्तरण भन्दा भएको राप्ती प्राबिधिक शिक्षालय मास्न उद्दत देखिन्छ। लाखौं विद्यार्थीको भबिष्य बोकेको साविक राप्ती अञ्चलको एक मात्र प्राविधिक शिक्षालय गोबरडिहा सार्न प्रदेश सरकार किन यसरी लागि परेको छ त ? यसमा ठुलो रहस्य लुकेको छ। यता यतिबेला राष्ट्रिय राजनीतिमा समेत प्रदेश आवश्यक छैन । खारेज गर्नु पर्छ भन्ने बहस चलिरहेका छ। यता भने लुम्बिनी प्रदेश सरकारले अस्थाई मुकाम बुटवलबाट स्थायी राजधानीमा मन्त्रालयहरू सार्नुका सट्टा शिक्षालय सार्न जोडबलले लागि परेका छन्। यता संघियता पनि खारेज हुने उता बुटवलबाट राजधानी पनि नआउने हो भने त शिक्षालय मात्र सारेर के काम ? यसले सिङ्गो शिक्षालय र त्यहाँ पढ्ने विद्यार्थीहरूको भबिष्य अन्धकार हुने निश्चित प्राय छ । राप्ती गाउँपालिकाबासीलाई सबै तिरबाट घाटा र क्षति बेहोर्नु पर्ने अवस्था नआउँला भन्न सकिदैन । तसर्थ पूर्णमा अस्थाई मुकाम बुटवलबाट स्थायी राजधानी राप्ती उपत्यका देउखुरीमा स्थायी रूपमै आउने ग्यारेण्टी भएको खण्डमा मात्र शिक्षालय सारिनु पर्दछ। अन्यथा चुनाब जित्न र राजधानी स्तान्तरणको नाममा भोट बैंक बनाउन खोजेको हो भने खबरदार राजधानीबासीले कुनैपनि हालतमा त्यसो हुन दिनेवाला छैन । यदि राजधानी पनि गुमाउने र शिक्षालय पनि गुमाउने अवस्था आयो भने यसको हिसाबकिताब राजधानीबासी मात्र नभई प्रदेशबासीले राम्रै संग गर्नेछन्।

हेक्का रहोस् आफ्नो व्यक्तिगत स्वार्थ, सत्ता, शक्तिको आडमा यत्ति पनि कमजोरी गरियो भने त्यसको ठुलो मूल्य चुकाउनु पर्ने छ। साँच्ची कै इमानदारपूर्व नै राजधानी स्तान्तरण गर्न खोजको हो भने तत्काल मन्त्रालय, विभाग र निर्देशनालयहरू स्थायी राजधानी राप्ती उपत्यका देउखुरीमा सारिनु पर्दछ। साथै राजधानी कार्यान्वयनको बाटोमा बिलम्ब गरिनु हुँदैन।

( गुप्ता रेडियो राप्ती ९८.४ मेगाहर्जका र राप्ती टेलिभिजन लालमटिया दाङ्गका स्टेसन म्यनेजर हुन। )

## जनहितमा जारी सन्देश

- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चपी प्रयोग गरिसके पछि साबुन पानीले हात धुने बानी बसालौं ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।
- घर भित्र र घर वरपर नियमित सरसफाई गरौं ।
- दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौं । खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टा छुट्टै भाँडामा संकलन गरौं ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने ।

अनुरोधक:
डिभिजन प्रमुख : राजकुमार चौधरी
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय परिवार प्यूठान

## मालपोत कार्यालय खलंगा प्यूठानको नामसारी सम्बन्धी ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/04/३१**

प्रस्तुत विषयमा प्यूठान जिल्ला साविक जुम्रीकाँढा गा.वि.स. वडा नं. १ हाल प्यूठान नगरपालिका वडा नं. ५ निवासी जसे घर्ति मगरको नाती, रने घर्ति मगरको छोरा गगने घर्ति मगरको निवेदन माग अनुसार निज निवेदक गगने घर्ति मगरको कान्छा बुबा नाताका जग्गाधनी काले घर्ति मगरको अविवाहित अवस्थामा मिति २०४६ सालमा मृत्यु भएको। निज मृतक जग्गा धनी काले घर्ति मगरको शेषपछिको हकदारहरु बुबा मित्रे घर्ति मगरको पनि मिति २००५ सालमा मृत्यु भएको र निज मृतक मित्रे घर्ति मगरको एकमात्र पत्नी तुलसी घर्ति मगरको पनि मिति २०१० सालमा मृत्यु भएको, दुवै मृतक दम्पत्तीबाट एकमात्र छोरा मृतक जग्गाधनी काले घर्ति मगरका मात्र जन्म भएको र छोरीको जन्म नभएकोले मृतक जग्गा धनी काले घर्ति मगरको हकदार भनेका निजको बुबा मित्रे घर्ति मगर र आमा तुलसी घर्ति मगर भएकोमा दुवैको मृत्यु भएकोले मृतक जग्गा धनी काले घर्ति मगरको को हजुर बुबा कमरा घर्ति मगरको पनि मिति २०४० सालमा मृत्यु भएको र निज मृतक कमरा घर्ति मगरको एकमात्र पत्नी मृतक जग्गा धनी काले घर्ति मगरको हजुर आमा टकी घर्ति मगरको पनि मिति २०३६ सालमा मृत्यु भएको। दुवै मृतक कमरा घर्ति मगर र टकी घर्ति मगरबाट २ भाई छोरा जेठो छोरा पृतक मित्रे घर्ति मगर र कान्छो छोरा जसे घर्ति मगरको जन्म भएको छोरी नभएको। मृतक जग्गा धनी काले घर्ति मगरको बाबु मित्र घर्ति मगरको र आमा तुलसी धर्ति मगरको पनि मृत्यु भएकोले मृतक जग्गा धनी काले घर्ति मगरको शेषपछिको हकदार कान्छा बाजे जसे घर्ति मगरको पनि मिति २०३५ सालमा मृत्यु भएको। निज मृतक जसे घर्ति मगरको एकमात्र पत्नी मृतक जग्गा धनीको कान्छी हजुरआमा टुकी घर्ति मगरको पनि २०३९ सालमा मृत्यु भएको र दुवै मृतक जसे घर्ति मगर र टुकी घर्ति मगरबाट एकमात्र छोरा रने घर्ति मगरको मात्र जन्म भएको छोरीको जन्म नभएको र निज रने घर्ति मगरको पनि २०२० सालमा मृत्यु भएको। निज मृतक रने घर्ति मगरको एकमात्र पत्नी दिउकी घर्ति मगरको पनि २०१५ सालमा मृत्यु भएको। दुवै मृतक रने पर्ति मगर र दिउकी घर्ति मगरबाट एकमात्र छोरा गगने घर्ति मगरको मात्र जन्म भएको र छोरीको जन्म नभएको र निज गगने घर्ति मगरले मृतक जग्गा धनी कान्छा बाबु काले घर्ति मगरलाई बाचुनजेल पालताल, स्याहार सुसार गर्नुका साथै मृत्यु पछि काजकिरिया भतिजा निवेदक गगने घर्ति मगरले गरेकोले मृतक जग्गा धनी काले घर्ति मगरको नाममा कायम रहेको प्यूठान साविक जुम्रिकाँढा गा.वि.स. वडा नं. १ को कि.नं. १४८ क्षेत्रफल ०-१५-२-१ को जग्गा भतिजा गगने घर्ति मगरको नाममा एकलौटी नामसारी गरिदिन हुन भनि प्यूठान नगरपालिका ५ नं वडा कार्यालयको किटानी सिफारिसमा खुल्न आएकोले यस कार्यालयवाट मृतक जग्गा धनी काले घर्ति मगरको हकवालाको नाममा नामसारी सम्बन्धी ३५ दिने सुचना जारी गरिएको छ। यो सूचनामा अन्य कोही हकदार भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा आवश्यक कागजात सहित हकदावी गर्न आउनुहोला अन्यथा निवेदिकाको मागदावी अनुसार नामसारी भै जाने व्यहोरा सूचित गरिन्छ।

# कविता

## नागरिक

राणा फाल्दा होस्,
या त राजा फाल्दा,
देशको आवाज नै
मेरो आवाज बन्यो ।
सहर देखि गाउँसम्म,
सडक देखि सदनसम्म,
म मेरो देशको लागि
सँधै खबरदारी गरिरहे ।

मैले मेरो देशको
इतिहास भुलेको छैन ।
मैले देशको बर्तमान
नदेखेको पनि होइन ।
ममा रत्ति पनि देशप्रेम
घटेको छैन ।
सौदा गरिरहेछु अचेल,
आफ्नै जीवन संग,
स्वार्थि बन्दै गएको छु ।
आफ्नो काम बनाउन,
लाचार भइ घुस दिएको छु ।

मैले पार्टीको, संगठनका,
धेरैलाई पाठ सिकाएको छु ।
सकेको छैन कसैलाई,
देशको पाठ पढाउन,
साँच्चै लज्जित छु,
आफ्नो कर्म देखि आज
देश विकासमा सबैलाई
जुट्नु जुटाउनु छ अब,
सगरमाथा जस्तो अडिक रहेर,
पहाड जस्तो निर्भीक भएर,
तराई जस्तो फराकिलो अनि
बुद्ध जस्तो शान्त बनेर ।



**किरण पोखेल (एक बसन्त)**
*सरुमारानी २, दर्भान प्यूठान*

मेरा यी नयनहरुले,
चिन्ने छ देशप्रेमी र देशद्रोही,
फोहोरी राजनीति गर्नेहरुले,
कहिल्यै साथ पाउने छैन मेरो।
मेरा सद्विचार र सत्कर्मले सधैं
देशको शिर उचो बनाउने छ।
मेरा यी हातहरुले अब,
राष्ट्रियताको विजारोपण गर्नेछ ।

सहिदहरुको विचार,
मर्नदिने छैन अब ।
किसानहरुको पसिना,
खेर जान दिने छैन अब ।
ज्यामीहरु पाखुरीमा,
बल बोकेर,
लाग्नेछन् देश बनाउन ।
जब सिमारक्षामा तैनाथ
सिपाही अहोरात्र खट्नेछन्,
म एक सार्वभौम देशको
स्वाधिन नागरिक बन्नेछु ।

## मुक्तक

मुक्तक १
दु:खि थियौ तिमि फुलको माला गाँसेर आमा।
रुदैरुदै जानुपर्यो निधारमा टीका टासेर आमा।
उध्रिएको चोली तिम्रो फेर्न नसक्दा गाउँमा मैले,
बाच्न गाह्रो हुँदोरहेछ पीडा लुकाइ हासेर आमा।

मुक्तक २
आँखा भरि सजिएका सपना बोकेर फेरि आमा।
बाच्दैछु प्रदेशमा बासी रोटि टोकेर फेरि आमा।
आफ्नै देशको सम्झनामा मुटुभित्र चोट लाग्दा,
तर पनि हाँस्दैछु आँसु थोपा रोकेर फेरि आमा।

मुक्तक ३
बेचिदिँदा दलालले मूल्य बिहिन भाउँमा आमा।
दु:ख पीडा खेप्नु पर्यो बिदेशीको ठाउँमा आमा।।
मध्य रातको सपनिमा घुम्दा आफ्नै डाडाँ पाखाँ,
फर्किएर जाउँ जाउँ लाग्छ आफ्नै गाउँमा आमा।



**गिर बहादुर के.सी.(बिरही)**
*गौमुखी गा.पा -६ लिवाङ्, प्यूठान*
*हाल दुबई*

## मुक्तक

मुक्तक १
हरेक बिहानीले सुनौलो बहार लिएर आए हुन्थ्यो।
बेरोजगार रहेका सबै लाई करार लिएर आए हुन्थ्यो।
हर पल हर क्षण दु:ख सुखलाई सामना गरी रहँदा,
कुनै बेला त खुशियालीको उपहार लिएर आए हुन्थ्यो।

मुक्तक २
बिहानीको झुल्के घामसँग रम्दै गरेको फूलबारी रहेछ।
जहाँ कोही घुम्दै थिए विशिष्ट व्यक्तिको सवारी रहेछ।
चारै तिर सुगन्धित वातावरण भमराको भुन भुन अनि,
यति राम्रो वातावरण मिलाउने कुन परोपकारी रहेछ।

मुक्तक ३
जीवन भरी दौडि रहन्छैं कमाउन धन के गर्नु?
पैसा भन्दा भन्दै जाने भयो पूरा जोवन के गर्नु?
बुढेसकालमा स्याहार सुसार गर्ने कोही हुँदैनन्,
मरेपछि दिन्छन् त्यही एक टुक्रा कफन के गर्नु?



**विष्णु पौडेल**
*पोखरा -६ बैदाम*

## मुक्तक

मुक्तक १
प्रत्येक पलपलमा सताउने तिम्रै यादले हो।
मध्य रातमा सधैंभर ब्युझाउने तिम्रै यादले हो।
स्वासै बन्द हुने गरेर मलाई उन्माद तुल्याएर,
निश्चल यो मनलाई बहकाउने तिम्रै यादले हो।

मुक्तक २
घुम्टो भित्र थोरै तिमी लजाएको कसरी हेरौं।
तिम्रो मुहार भरी उमङ्ग छाएको कसरी हेरौं।
निम्तो पठाएकी छौ मेरो बिहेमा आउनु भनी,
पराईले तिम्रो सिउँदो रङ्गाएको कसरी हेरौं।

मुक्तक ३
अतीत सम्झि भावको गहिराईमा डुबेर उदासिन्छ यो मन।
कल्पनामै भएपनि त्यो क्षितिजमा पुगेर उदासिन्छ यो मन।
आफूभित्र आफै हराएर केही समय अतीत सम्झि बस्दा,
थाहै नपाई आश्रुधारा झारी कतिखेर उदासिन्छ यो मन।



**खगिन रिदम लामा**
*खोटाङ*
*ईन्द्रेणी पोखरी*

## मुक्तक

मुक्तक १
तिम्रा यादहरुको बिस्कुन सुकाउनु परेको छ।
मर्म स्पर्सि अमुल्य समय चुकाउनु परेको छ।
हाँस्दा पागल रुदा दुखी भन्ने स्वार्थी संसारमा,
मन मुटु भित्रै अथाह पीडा लुकाउनु परेको छ।

मुक्तक २
नत पानी नत यहाँ हावा हुरी भएको छ।
तिमीलाई सम्झनु नै मजबुरी भएको छ।
याद गर्दा गर्दै थकित मेरो निम्ति साच्चै,
तिनै यादहरु घाँटी रेट्ने छुरी भएको छ।

मुक्तक ३
मलाई चोट माथि चोट दिँदा भुल्न सकेको छैन।
पीडा बेथाको बाटो मोडिदा भुल्न सकेको छैन।
युग-युग जाने बाचा कसम अनगिन्ती मायाप्रेम,
तिनै मिठा पलहरु सम्झिदा भुल्न सकेको छैन।



**उमेश बहादुर बिश्वकर्मा सागर**
*नरहरिनाथ गाउपालिका २ कालिकोट*

झुलेनी पोष्ट साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क: ०८६-५९०४३६
Email : jhulenipyuthan@gmail.com

# रोचक/प्रेरक प्रसङ्ग

## घरमा पालेको कुखुराको अण्डा स्वास्थ्यका लागि खतरनाक!



घरमा पालेको कुखराले पारेको अण्डा र आफ्नै खेतबारीमा उब्जाएको सागसब्जी भन्दा ताजा सायद अरु केही हुँदैन । अष्ट्रेलियामा करीब ४ लाख मानिसहरुले आफ्नो घरमै कुखुरा पाल्दछन् । नेपालमा पनि ग्रामीण क्षेत्रमा अधिकांश परिवारहरुले घरमा कुखुरा पाल्ने गरेको पाइन्छ । घरमै कुखुरा पालेका मानिसहरुले ताजा अण्डा खान पाउँछन् । तर, वैज्ञानिकहरुका अनुसार अण्डाको हकमा केवल ताजा हुनु मात्रै पर्याप्त हुँदैन ।

हालै गरिएको एक अध्ययन अनुसार घरमा पालिएको कुखुराको अण्डामा व्यवसायिक रुपबाट उत्पादित अण्डाको तुलनामा औषतमा ४० गुणा धेरै सिसा अर्थात् लिड तत्व हुन्छ । शोधकर्ताहरुले घरमा पालेको कुखुरा र उसको अण्डाको जाँच गर्दा आधाजसो कुखुरा र आधाजसो अण्डामा सिसाको स्तर उच्च पाए, जुन उपभोक्ता स्वास्थ्यको दृष्टिले हानिकारक हुन्छ । स्मरण रहोस् सिसाको मात्रा निकै कम हुँदापनि मानव स्वास्थ्यका लागि हानिकारक मानिन्छ । यसबाट मुटुरोग, सुस्त मानसिक अवस्था तथा मृगौलाको रोग लाग्न सक्दछ । विश्व स्वास्थ्य संगठनका अनुसार सिसाको मात्रा कति स्तरसम्म सुरक्षित हुन्छ भन्ने बारेमा कुनै मापदण्ड छैन ।

### माटोबाट कुखुरामा पुग्छ सिसा

घरको आँगन, करेसाबारी वा बगैंचाको माटोमा भएको सिसाको मात्राले घरमा पालेको कुखुरा र त्यसको अण्डामा सिसाको मात्रा कति हुन्छ भन्ने निर्धारण गरेको हुन्छ । शोधकर्ताहरुका अनुसार माटोमा सिसा भएमा त्यसको अधिकांस हिस्सा कुखुरामा पुग्दछ किनकी कुखुराले भुइँमा खोस्रिएर आफ्नो चारो खोजेर खान्छ ।

शोधकर्ताहरुले सिड्नीका ५५ घरको बगैंचाको माटोको परीक्षण गरे । त्यसबाट उनीहरुले घरमा पालिने कुखुरा र त्यसका अण्डामा सिसाको संक्रमण पत्ता लाग्यो । सिसा संक्रमणका बाँकी श्रोत पनि पत्ता लगाइयो, जस्तै जनावरको पिउने पानी तथा कुखुराको भोजन । त्यसपछि VegeSafe कार्यक्रमका माध्यमबाट अष्ट्रेलियाका घरमा २५ हजार भन्दा धेरै बगैंचाको माटोको नमूनाको अध्ययन गरियो जसमा सिसा नै सबैभन्दा धेरै चिन्ताको विषय बनेको थियो ।

### कति हो जनावरमा सिसाको न्यूनतम स्तर ?

कुखुरा तथा अन्य पंक्षीहरुका लागि रगतमा सिसाको स्तरका लागि कुनै मापदण्ड छैन । पशुजाँच तथा मूल्यांकनका साथै शोधबाट के पत्ता लागेको छ भने रगतमा २० माइक्रोग्राम प्रति डेसिलिटर तथा त्यसभन्दा धेरै सिसाको स्तर स्वास्थ्यका लागि हानिकारक हुन्छ । घरमा पालिएका ६९ वटा कुखुराको जाँच गर्दा ४५ प्रतिशत कुखुराको रगतमा सिसाको स्तर २० माइक्रोग्राम प्रति डेसिलिटर भन्दा धेरै पाइयो । ती कुखुराले पारेका अण्डाको पनि जाँच गरियो । अष्ट्रेलिया तथा विश्वमा कतैपनि अण्डामा धातुको स्तरका लागि कुनै मापदण्ड छैन । यस अध्ययनका क्रममा घरमा पालिएका कुखुराले पारेका अण्डामा सिसाको औषत स्तर ३०१ माइक्रोग्राम प्रतिकिलो थियो । जबकी बजारबाट खरिद गरिएका ९ वटा अण्डामा सिसाको स्तर ७.२ माइक्रोग्राम प्रतिकिलो थियो ।

**एजेन्सीको सहयोगमा**

## गजल


सीसामा बझारे झैं ! किन मेरो जीवन होला ?
यो श्रृष्टि रच्ने श्रृष्टिकर्ताहरु कहाँ छन् होला ?

मलाई स्वर्ग जान मन छ बाटो कतातिर हो,
कसैले भनिदिनु हुन्छ कि वहाँ टोकन होला ?

थुतुनो पनि जोगाउन जान्नुस् कर्मचारी ज्यू,
ए हजूर ! नत्र हानाहान होला भनाभन होला।

चिता जलाउँदा थरथर काँपेका ती हातहरु,
कसैको घर जलाउदा किन काँप्दैनन् होला ?

ए "रत्न" तँ आज अहमता बोकेर नबाँच् है,
भोलि साथमा न सडक होला न सदन होला ।



**रत्नराज पुन मगर**
*जाँजरकोट*

## कविता : गाउँमा एकता छैन

जुन दिन,
नेताहरु गाउँ पसेर जनता माझँ
भ्रमको बिउ छर्दै हिँडे।
त्यस दिन देखि गाउँमा एकता छैन।

नभएको कुरालाई, भए जस्तो
गरी/भनि, जुन दिन जनताको मनमा
बलियो जग बसाले,
त्यस दिन देखि समाजमा शान्ति,
घरमा एकता, मान्छेमा मानवता छैन।

जुन दिन,
नेताले सर्बहारा भुई मान्छे उचाल्न
उसको आँखालाई अधुरो सपना देखाए,
त्यस दिन देखि
युवाको आखाँमा शान्ति को निद्रा छैन।

सायद नेताहरुलाई थाहाँ छैन।
जब भ्रम यथार्थमा परिणत हुदैन,
तब बम भएर बिस्फोट हुनसक्छ।



**पि.आर. मगर**
*प्युठान नगरपालिका -५ जुम्रीकाँडा प्युठान*

सायद नेताहरुलाई थाहाँ छैन,
जब दिएको/गरिएको, बाचा पुरा हुँदैन,
समाज र मानव जीवन माथि
विश्वासघातको खेल खेलिन्छ,
तब युवाहरु नयाँ क्रान्ति सुरु गर्न सक्छन्।

## मुक्तक

मुक्तक १
मुर्तिमा भन्दा हृदय मै भगवानको बास हुन्छ।
भनसुनमा भन्दा आफ्नै क्षमताको खास हुन्छ।
चाकडी गर्न छोडे बल्ल शासकहरुको अन्त्य हुन्छ,
नहुनेमा भन्दा नि पहुँचमै हुनेहरुको त्रास हुन्छ।

मुक्तक २
पुरा गर्न सकिने एक मिठो सपनी हुनु पर्छ।
पढ्नेलाई केही ज्ञान दिने जीवनी हुनु पर्छ।
चोखो माया सुनचाँदी हिरामा जोखिदैन,
प्रेमीहरु धनको होइन, मनको धनी हुनु पर्छ।

मुक्तक ३
तिमी त मेरो दिलभित्र बसेको मान्छे।
म त तिम्रो नजरबाट खसेको मान्छे।
खुशीमा तिम्रो बाधा बनी आए छु म,
आफैं पीडाको भुमरीमा फसेको मान्छे।



**टंक खुलाल कार्की**
*छथर गा.पा. - ५*
*तेह्रथुम*

## मुक्तक

मुक्तक १
छट्पटीएर बिताउछु हर रातहरु।
गन्तव्यमा नपुग्दै छुट्यो साथहरु।
खै भाग्यको दोष भनु या कर्मको,
दोबाटोमै टुट्यो समाएका हातहरु।

मुक्तक २
यहाँ मरेपछि सेतो कात्रो ओडेर जानू छ।
हरेक सम्बन्धहरु पनि तोडेर जानु छ।
जति सताउन सक्छ्स सता ए जिन्दगी,
तलाई पनि यो दुनियाँबाट छोडेर जानू छ।

मुक्तक ३
म हास्दाहास्दै यहाँ रोएको कस्ले देख्यो?
आँसु झार्दै सिरानी छोएको कस्ले देख्यो?
जसोतसो रात सँगै दिनहरु बिताइ रहैं।
मेरा भिजेका परेली धोएको कस्ले देख्यो?



**श्यामकुमार क्षेत्री (मुस्कान)**
*नौबहिनी गाउँपालिका-८, बल्लेखोला प्यूठान, हाल भारत*

## गजल : भोट

भोट माग्न आएमा सुकेको वारी देखाउनु।
द्वन्दकालमा फुटेको चुरा र सेतो सारी देखाउनु।

विकास भन्ने हो भने ढुङ्गे युग जस्तै छ,
कोरोना विश्व भरी फैलिएको महामारी सुनाउनु।

एक दिनको छाक टारे अर्को बिहानलाई केहो?
वर्षौ देखि रित्तिएको अन्नको भकारी देखाउनु।

द्वन्दकालमा हराएको छोराको थाहा पत्तो छैन,
उसैको फोटो सहितको चिनारी देखाउनु।

कुन व्यावस्था फेरियो र उस्तै छ अवस्था,
विकासको नाममा भरिया दाइको पिठ्युँको भारी देखाउनु।

प्रकृति अहिले सम्म हरियाली भएको खोइ?
जतातै फैलिएको बनमाराको झारी देखाउनु।



**कमल रोकाय**
*नौबहिनी गा.पा. -५ गावै, प्युठान*

# ९० वर्षे फलामे पुलको मर्मत गरिंदै

झुलेनी पोष्ट
प्यूठान

करिव ९० वर्ष पहिले बनेको फलामे पुलको पुनःनिर्माण थालिएको छ । गौमुखि गाउँपालिका ३ रजबारा स्थित ओखेनीको जिर्ण फलामे पुलको मर्मत गर्न थालीको छ। स्थानीय उत्पादित फलामे खानीबाट बनाइएको झोलुङ्गे पुलको संरक्षण गर्न गौमुखी गाउँपालिकाले चासो देखाउदै मर्मत गर्न थालेको हो । गौमुखी ३ ओखेनी स्थित अर्खा र रजवारा जोड्ने झिमरुक नदिमा सबैभन्दा पहिले स्थानीय फलाम खानीबाट बनाइएको पुलको पुरातात्विक महत्व जोगाउने उद्देश्य सहित पुलको स्तरउन्नोती गर्न लागिएको गौमुखी गाउँपालिका उपाध्यक्ष महाविर रानाले जानकारी दिए । बि.सं. १९८५ सालमा गौमुखी ३ ओखेनीका धिरजबहादुर



अर्गेजा घर्तिमगरले आफ्नो निजी लगानीमा स्थानीयको साथ र सहयोगमा फलामे पुल निमार्ण गरेका थिए। त्यस समयमा स्थानीय खानीबाट निकालिएका फलामबाट करिब २५ मिटर लामो पुल निमार्ण गरिएको थियो। पुल निमार्णका लागि केही फलाम भारतको बहादुरगन्जबाट ल्याइएको थियो । पुल वर्षौ देखी जिर्ण अवस्थामा रहेको थियो । आजभोली पुलबाट आवतजावत गर्न नमिल्ने अवस्था छ । पुल मर्मत गर्न यस वर्ष गाउपालिकाले यस वर्ष २ लाख रुपैया बजेट विनियोजन गरेको छ। दशैसम्म पुल निमार्ण कार्य सम्पन्न गरिसक्ने उपाध्यक्ष रानाले बताए।

# छोटकरी

## जिल्लामा भाइरल ज्वरोका बिरामी बढे

झुलेनी पोष्ट
प्यूठान

जिल्लामा अहिले भाइरल ज्वरोका बिरामीको संख्या ह्वातै बढेको छ । प्यूठान जिल्ला अस्पतालका निमित्त प्रमुख खिम पार्धेका अनुसार बिगत केही दिन देखी भाइरल ज्वरोका बिरामीको संख्या बढेको हो । उनका अनुसार अस्पतालमा दैनिक चेकजाचँ गराउन आएका बिरामीहरु मध्ये ५० प्रतिशत भन्दा धेरै ज्वरोका बिरामी अस्पताल आउने गरेका र चेकजाचँ गर्दा अधिकाशं भाइरल ज्वरोका बिरामीहरु देखा परेका छन् । अस्पतालमा दैनिक १ सय जनाको हाराहारीमा भाइरल ज्वरो देखा परेको छ । जिल्लाका अन्य निजी क्लिनिक तथा स्वास्थ्य संस्थाहरुमा पनि भाइरल ज्वरोका बिरामीहरु बढेको स्वास्थ्यकर्मीहरुले बताएका छन् । अत्याधिक गर्मी तथा मौसममा आएको परिर्वतनसगैं संक्रमित व्यक्तिले खोक्दा वा हाच्छिउँ गर्दा भाइरल ज्वरो छिटो मात्रामा एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने भएकाले शरीरमा उचित तापक्रम नमिल्दा इन्फेक्सनका कारण जिल्लामा भाइरल ज्वरोका बिरामीहरु बढेको अस्पतालका निमित्त प्रमुख पार्धेको भनाई छ । यसबाट बच्चका लागि बिरामी तथा स्वस्थ व्यक्तिले अनिवार्य रुपमा मास्क लगाउने, बेलाबेलामा साबुन पानीले मिचिमिचि हात धुने, स्वस्थ खानपानमा बिषेश ध्यान पुर्याउनुपर्छ।

# धेरै कम्युनिष्ट पार्टीहरू विचारधाराबाट विचलित छन्

झुलेनी पोष्ट
प्यूठान

नेकपा (एमाले)का उपाध्यक्ष सुवास नेम्वाङले नेपाली कांग्रेससँग टासिएर गठबन्धन गरीहेका कम्युनिष्ट नामधारी दलहरुलाई कम्युनिष्ट विचारधाराबाट विचलित भएको बताएका छन् । आफ्नै पार्टीको बहुमत सरकार ढालेर विपक्षी दलको काँध थाप्नुले उनीहरु नैतिकताको कम्युनिष्ट राजनितीबाट पराजित भएको उल्लेख गरेका हुन् । कांग्रेस नेताको भनाई उद्दृत गर्दै उपाध्यक्ष नेम्वाङले भने, 'कम्युनिष्ट नामका केहिं दलहरु लमक लमक हिडिरहेको हात्तीको कानमा बसेका चमेराहरु हुन् ।' नेपाली कांग्रेसका एक नेतासँग भएको छलफलको प्रसङ्ग निकाल्दै उनले प्यूठानमा आयोजित जिल्ला स्तरीय कार्यकर्ता प्रशिक्षण भेलामा उनले यस्तो बताएका हुन्।

फरक प्रसङ्गमा उपाध्यक्ष नेम्वाङले नेकपा एमालेबाट अलग्गिएर नेकपा एस पार्टी बनाएका माधव नेपालले पार्टी फुटको औचित्य पुष्टि गर्न नसकेको जिकिर गरे । 'पार्टीमा विचारको झगडा हुन्छ, विचारमा विवाद हुन्छ', उनले भने, 'पार्टीमा रहँदा बखत र चोइटिएर गएपनि एमालेकै सत्तो सराप गर्नु शिवाय माधव कमरेडले अरु जान्नुभएको छैन ।' विपक्षीसँग गठबन्धन गरी २० प्रतिशत लिएर पार्टी फुटाएका कमरेडले स्थानीय तहको निर्वाचनमा ४ प्रतिशत ल्याउँदा पनि कमजोरी महसुस नगरेको उल्लेख गर्दै उनले भने, 'एक्लै भिडेको भए त्यो ४ प्रतिशत त कहाँ आउँथ्यो र अरुसँग गासिएर त्यहि




पनि ल्याउनु भएछ।' नेपाली कांग्रेससँग गठबन्धन गरी धारिलो बञ्चरोको बिँड बनेका उनीहरु आगामी मंसिर ४ को निर्वाचनबाट जनताले पाखा लगाउने जिकिर गरे । 'हामिलाई जनताले अति विश्वास सहित आशीर्वाद दिएका छ्न', उनले भने, 'आगामी निर्वाचनमा बहुमत सहितको सरकार एमालेको एजेण्डा हो ।'

सोमबार जिल्ला स्तरीय पार्टी प्रशिक्षण कार्यक्रममा उपाध्यक्ष नेम्वाङले निरङ्कुसताका विरुद्ध लडौ भन्दा नमान्ने कांग्रेससँग कम्युनिष्ट नामका केही दल आफै सिगारिएर नेकपा एमालेविरुद्ध लाग्दा विश्व चकित बनेको बताए । 'एमालेसँग कांग्रेस आँखामा आँखा जुधाउन सक्दैन', उनले भने, 'तर आफ्नै विराधलाई काट्ने बञ्चरोको बिँडलाई कठैवरा भन्ने शिवाय अरु के भनौं र ।' आगामी निर्वाचनमा एमालेले जनतासामु सत्तारुढ दलका बिरुद्ध लैजाने मुद्दाका अनगिन्ति चाङ भएको उल्लेख गर्दै उनले एमालेमा पनि पार्टी पंक्ति र पद्धति बलियो हुनुपर्ने बताए । स्थानीय तहको निर्वाचनमा हामी आफ्नै खुट्टामा अल्भेर केही ठाउँमा लडेपनि खिया लाएका नट बोल्ट सफा गर्नुपर्ने बेला आएको बताए । 'हामी विरुद्ध अरु दलहरु सबै एक छन् भने हामी एकजुट हुनुपर्ने होइन ?', उनले भने, '२/३ सय पार्टीको सदस्य सहित भोट भने २४ किन आउँछ, हामी आफ्नै खुट्टामा अल्भेका होइनौ ?' अँफैपनि समय नघर्केको प्रशिक्षण कार्यक्रममा कार्यकर्तालाई आश्वस्त पार्दै नेम्वाङले आफ्नो थैलीको मुख बलियो बनाउनुपर्ने बताए । नेकपा एमाले जिल्ला कमिटि प्यूठानले सोमबार होटेल आयुस्मा जुर्मी प्यूठानमा आयोजना गरेको जिल्ला स्तरीय प्रशिक्षण कार्यक्रममा नेम्वाङ सहित पोलिटव्युरो सदस्य तथा लुम्बिनी प्रदेश सह इन्चार्ज बिमला घिमिरे, पोलिटव्युरो सदस्य तथा प्यूठान इन्चार्ज सूर्य थापा, अनुशासन आयोग सदस्य झपेन्द्र जिसी लगायतले प्रशिक्षण दिएका थिए।

# सार्वजनिक सरोकारको सवालमा सबै पक्षको चासो हुनुपर्ने

मधुसुदन पोखेल
झुलेनी पोष्ट,प्यूठान

जिल्लाको सार्वजनिक सरोकारको सवालमा सबै पक्षको चासो हुनुपर्ने एक कार्यक्रममा बोल्ने बक्ताहरुले बताएका छन् । नेकपा एमाले प्यूठानले आयोजना गरेको सार्वजनीक सरोकारका विषयमा सर्वदलिय सर्वपक्षीय अन्तक्रिया कार्यक्रममा सहभागिरुले सार्वजनिक सरोकारमा सबै पक्ष चनाखो हुनुपर्नेमा जोड दिएका थिए। शुक्रबार निर्माण व्यवसायि संघ प्यूठानको सभाहलमा भएको कार्यक्रमा प्यूठान अस्पतालमा स्थापना तथा अक्सीजन पलान्ट, खैरामा उत्पादन हुन लागेको सौर्य उर्जा, जुम्री बसपार्कको जग्गाको विषय, स्मार्ट कृषि कार्यक्रको किसानले पाउनुपर्ने भुक्तानी, राष्ट्रिय परिचय पत्र बनाउने क्रममा सेवाग्रहीले पाएको दुःखको सवालमा सहभागीहरुलले कुरा राखेका थिए।

यस्तै लुघुवित्तको कर्जाको विषय, एकिकृत कर, सार्वजनिक जग्गा अतिक्रमण, पेट्रोलियम पदार्थ अभाव, चिस्यान केन्द्र तथा दम्तीमा रहेको सवस्टेशन लगायतका विषयमा छलफल तथा अन्तक्रिय कार्यक्रम भएको थियो । सहभागिरुले सरोकार वाला निकायको समयमै ध्यान नपुराउदा आम प्यूठाननी जनताले दुःख पाइरहेको जनाए । गैर सरकारी संस्था प्यूठानका पूर्व अध्यक्ष लोकबहादुर बस्नेतले हाल प्यूठानमा राहदानी बनाउ झण्डै दुइ बहिना लाग्ने सवालमा कुरा राख्दै यसको समाधानमा सम्बन्धीत निकायको ध्यान पुऱ्याउन पर्ने बताए । उनले सार्वजनिक सरोकारको विषयमा बढि राजनैतिक दलहरु सकृय हुनुपर्ने कुरामा जोड दिए । उठेका सवालहरुमा नेकपा एमाले गंभिर भएर जनताको पक्षमा काम गर्ने नेकपा एमाले पोलिटव्युरो सदस्य तथा जिल्ला इन्चार्ज सुर्य थापाले बताए । उनले प्यूठानको सवालको बारे केन्द्रसम्मै कुरा उठाने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रमको प्रमुख अतिथि समेत रहेका थापाले सार्वजनिक सरोकारका विषयहरुमा राजनैनिक दलहरुले बढि चासो दिएर तत्काल समाधानमा लाग्नु पर्ने बताएका छन । यस्ता विषयहरुमा राजनैतिक पूर्वाग्रह नराखी जनमुखी काम गर्नु पर्ने समेत थापाले बताए। कार्यक्रममा प्यूठानन नगरपालिकाका पूर्व मेयर अर्जुन कुमार कक्षपति, झिमरुक गाउपालिकाका उपाध्यक्ष प्रमोद पोखेल, पत्रकारमहासंघ प्यूठानका अध्यक्ष सञ्जय रिजाल लगायतले प्यूठानमा हाल उठिरहेका सार्वजनिक सरोकारको विषमा कुरा राखेका थिए । नेकपा एमाले प्यूठानका अध्यक्ष बिजय बिराज विष्टको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन एमाले जिल्ला कमिटि सचिवालय सदस्य नेगनसिंह कुवरले गरेका थिए।

## गौमुखीको...

आइरहेका छन् । परम्परागत रुपमा उत्खनन हुदै आएको तामाखानी बन्द रहेको धेरै वर्ष भैइसकेको छ।

राणा शासानको समयसम्म तामाखानी उत्खनन् गरि त्यहाँका स्थानीयहरुले दैनिक गुजारा चलाउदै आएको स्थानीय बुढापाका बताउछन् । उक्त स्थानको पहिचान जोगाउने उद्देश्य सहित पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न लागिएको गाउँपालिकाले जनाएको छ।

## प्यूठान...

राखेर पनि डेलिभरी गराउन परेको प्यूठान अस्पतालले जनाएको छ । 'शल्यक्रिया गर्नुपरे म आफै रात दिन नभनी काम गर्छु,' उनले भने, 'सामन्य डेलिभरी गराउन नर्सिङ कर्मचारीको उल्लेखनीय भुमिका रहेको छ ।' उनले सकभर बिरामीलाई बाहिर रिफर नगर्ने गरि उपचार गर्न थालिएको बताए । चैत्र महिना देखि प्रसुतिको जिम्मेवारी पाए लगत्तै डेलिभरी बाहिर रिफर गर्ने संख्या शुल्य गराएको उनले बताए।

# धानमा नयाँ रोगको प्रकोप देखियो

झुलेनी पोष्ट
प्यूठान

प्यूठानमा रोपिएको धानमा यस वर्ष नयाँ रोगको प्रकोप देखिएको छ । रोपिएको धानमा नयाँ रोग तथा किराको प्रकोपले किसानहरु चिन्तित वनेका छन् । जिल्लाको माण्डवी गाउँपालिका अन्तर्गत नयाँगाउँ, लामाचौर, प्यूठान नगरपालिकाको झिमरुक फाट, सरुमारानी गाउँपालिकाको बार्गेसाल, मल्लरानी गाउँपालिका र झिमरुक गाउँपालिका अन्तर्गतका किसानका धान खेतमा भर्खरै रोपेका धानका बोटहरु पहेलिदै सुक्न थालेपछि किसानहरु चिन्तित बनेका हुन् । उक्त धान वालीमा देखिएको समस्यालाई मध्यनजर गर्दै रोगको पहिचान एवम् व्यवस्थापन तथा समस्या समाधानका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना इकाइ प्यूठानको पहलमा नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का विज्ञ टोलीद्धारा अनुगमन गरि रोगको परिक्षण थालिएको छ । यस वर्ष प्यूठानका धान खेतका बोटमा विभिन्न ६ प्रकारका नयाँ रोगको प्रकोप देखिएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना इकाइ धान जोनले किसानहरुको समस्यालाई पहिचान गर्न किसानको धान खेतमै पुगेतापनि धानबालीमा धेरै प्रकारका समस्या देखिएका कारण आफुहरुले रोग पत्ता लगाउन नसकेपछि कृषि अनुसन्धान केन्द्र (नार्क) का विज्ञ टोलीको परिक्षणबाट धानको जरामा गड्यौला लाग्ने समस्या, मरुवा, खैरो थोप्ले रोग र जरा कुहिने रोग लगाएत ६ प्रकारका रोगहरु पुष्टि भएको परियोजनाका धान जोन इकाइका प्रमुख चुमानसिंड गिरीले जानकारी दिए।

गिरीका अनुसार जिल्लाका करिब १ हजार रोपनी जग्गामा यस्ता रोगको समस्या देखिएको छ। उक्त समस्या समाधान तथा व्यवस्थापनको लागि किसानहरुले नजिकैको कृषि शाखा तथा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना इकाइ धान जोनको कार्यालय प्यूठानमा सम्पर्क गर्न कार्यालयले आग्रह गरेको छ।

समाचार, सूचना, विचार र विज्ञापन प्रकाशन तथा प्रसारणका लागि हामिलाई सम्पर्क ०८६-५९०४३६
झुलेनी पोष्ट साप्ताहिक
रेडियो झुलेनी १०४.७ मेगाहर्ज

# जन्मजात हाडजोर्नी विकृतिहरु के-के हुन् ?

प्राडा कृष्णप्रसाद पौडेल



जन्मँदै बिग्रेर आउने वा पछि कुनै उमेरमा देखिने तर गर्भावस्थामै हुँदा जिनमा खराबी भएर हुने बिमारहरुलाई जन्मजात स्केलेटल डिफरर्मिटीमा राखिन्छ । हात, खुट्टा वा मेरुदण्डको हड्डीमाथि समस्याहरु हुने गर्दछन् । पुरै अङ्ग नै प्रभावित हुनसक्छ। वंशानुगत वा अनुवांशिक कारण र गर्भावस्थामा हुँदा हुने केही बिमार वा चोटपटकले गर्दा यी समस्याहरु निम्तिन सक्दछन् । गर्भावस्थामा आमाले चिकित्सकसँग परामर्श नगरी औषधी खानाले पनि यस्ता विकृतिहरु शिशुमा देखिन जान्छन् ।

हाडहरु छोटा वा बाङ्गो हुन सक्दछन् वा हाड वरिपरीको मांसपेशी र जोर्नीमा खराबी भएर सो अङ्ग नै बाङ्गो देखिन सक्छ । डिस्प्लासियामा हातखुट्टा वा ढाड नै बाङ्गो हुन्छ भने जन्मजात सबै हड्डीहरु छोटा हुने पुड्के मान्छेहरु एकोन्ड्रोप्लासिया भएका हुन् । बच्चा जन्माउने क्रममा चोटपटक वा बल प्रयोग भएर कलरबोन वा हातखुट्टाका साना हड्डीहरु भाँचिन सक्छन् ।

यसलाई तुरुजत ब्यान्डेज, प्लास्टर गरेमा पूर्ण रुपमा ठिक हुन जान्छन् । अर्थोपेडिक भन्ने विषय वा विधा नै बच्चाहरुका बाङ्गा- टिङ्गा भएका हात-खुट्टाहरु सोझ्याउने उपचार प्रक्रियाबाट सुरु भएको हो जसको सुरुवात निकोलस एन्ड्री भन्ने फ्रान्सेली फिजिसियनले सन् १७४३ मा नै गरेका थिए। हात वा खुट्टाको हड्डीहरुलाई इलिजारोभ भन्ने अपरेसन पद्धतिबाट लामो बनाउन सकिन्छ र थप खुट्टाको हड्डी छोटो भएर लङ्गडो भएमा २ इन्चसम्म जुत्तको उचाइ बढाएर पनि लङ्गडोपनबाट जोगाउन सकिन्छ । हाडजोर्नीका जन्मजात समस्याहरु धेरै थरिका छन् ।

**केही मुख्य रुपहरुलाई यहाँ व्याख्या गरिएको छ ।**

### क्लब फुट

जन्मजात गोलीगाँठा र पैताला बाङ्गो हुने समस्या धेरै भेटिने र बच्चाअवस्थाबाटै धेरैलाई दुःख दिने समस्या हो । प्रत्येक एक हजार नवजात बच्चामध्ये एकजनालाई यो समस्या हुन्छ भन्ने संसारभरिकै तथ्यांक छ । धेरैजसोमा दुवैवटा खुट्टामा र केहीमा एकवटा खुट्टामा मात्र पनि यो समस्या हुन्छ। यो किन हुन्छ भन्ने पक्का कारण थाहा छैन । कहिलेकाहीँ तल्लो खुट्टामा मात्र यो समस्या नभएर पुठ्ठाको हड्डीमा वा शरीरको अन्य भागमा पनि विकृतिहरु हुनसक्छन् । त्यो पनि जाँच गर्नुपर्ने हुन्छ। शिशु पाठेघरभित्र रहँदा र खुम्चिएर बस्दा खुट्टाहरु दोब्रिएर मात्र पनि सुरुमा यस्तो देखिन सक्छ। यसरी बाङ्गो भएकाहरु साधारण मालिस गर्दागर्दै र पछि दुई-तीनवटा प्लास्टर लगाएपछि नै ठिक हुन्छन् । सबै मानिसले बुझ्न र गर्नसक्ने एउटा तरिका भनेको नवजात शिशुमा गोलीगाँठाको जोर्नीलाई खुम्चाई पैताला माथि धकेल्दा खुट्टाको अघिल्लो भागले नलीखुट्टा छुनुपर्दछ। यसो हुन गाह्रो भयो भने क्लब फुटको शङ्का हुन्छ। धेरैजसो अपरेसन नगरिकन १,२ हप्ताको फरकमा प्लास्टर लगाउँदै फेर्दै गरेर ७-८ पटकजति लगाएपछि ठिक हुन्छ भने केहीलाई प्लास्टर गरिसकेपछि अपरेसन पनि आवश्यक पर्छ । प्लास्टर लगाउने काम बच्चा जन्मेको एक महिनामा सुरु गर्नुपर्दछ ।

क्लब फुटमा हड्डीको मात्र समस्या नभएर मांसपेशी, लिगामेंन्ट, टेन्डन सबै तन्तुहरु खुम्चिएका हुन्छन् । त्यसैले कडा खालको क्लब फुटमा अपरेसन गरेर कडा तन्तुहरुलई ढिला गराउनुपर्ने हुन्छ । ३ वर्षभन्दा पछि मात्र बच्चा लिएर चिकित्सककोमा आएको खण्डमा हड्डीको पनि अपरेसन गर्नुपर्ने हुन्छ। अपरेसन र प्लास्टरपछि खुट्टा सामान्य बनावट र साइजमा फर्केपछि पनि १,२ वर्ष कलब फुटका लागि बनाइएको जुत्ता लगाउनुपर्दछ । दिउँसो जुत्ता लगाएजस्तै गरी राति सुतेको बेलामा भित्रपट्टि फर्किएका क्लब फुटका पैतालाहरुलाई बाहिरपट्टि धकेल्ने डेनिस ब्रोन स्पिलिन्ट लगाउनुपर्ने हुन्छ ।

### स्कोलियोसिस (मेरुदण्ड बाङ्गो हुने रोग)

टाउकाको फेददेखि कम्मरको पुच्छरसम्म बिच भागमा ३३ वटा हड्डीहरु मिलेर मेरुदण्ड पछाडिबाट हेर्दा पुरै सिधा आकारमा रहेको हुन्छ । यो सिधा आकारको मेरुदण्ड दायाँ वा बायाँतिर बाङगियो भने त्यसलाई स्कोलियोसिस भनिन्छ। बिरामी अगाडि झुक्दा बाङ्गोपन हराउँदछ भने यसलाई सामान्य भनिन्छ र ठूलो समस्झा पैदा गर्दैन। तर हड्डीको बनावटमा स्थायी संरचना परिवर्तन भई बाङ्गिएको रहेछ भने स्थायी स्कोलियोसिस भनिन्छ। वा स्ट्रक्चरल स्कोलियोसिस भनिन्छ । स्कोलियोसिस माथिल्लो मेरुदण्ड वा छाती पछाडिको मेरुदण्डमा बढी हुन्छ। किरशोरावस्थामा हुने यस्ता स्कोलियोसिस केटीहरुमा बढी हुन्छ र यिनीहरु खतरनाक हुन्छन्। किनभने हड्डी बढ्ने क्रमसँगै यिनीहरु छिटो-छिटो बढ्दछन् । यस्ता बाङ्गोपनले फोक्सो वा मुटुमा समेत असर पुऱ्याउन सक्दछन् र मान्छेलाई अपाङ्ग नै बनाइदिने खालका हुन्छन् । यी प्रोगेसिब किशोरावस्थामा हुने मेरुदण्डलाई समयमै अपरेसन गरिहाल्नुपर्ने हुन्छ। अन्य पोजिसनल वा पोस्चुरल बाङ्गोपनलाई अपरेसन गर्नुपर्दैन । स्कोलियोसिस हुने कारण पनि जन्मजात वा अनुवांपशिक नै हो । वंशाणुगत पनि हुनसक्छ। हाम्रो देशमा भन्दा पश्चिमा देशमा र ओरियन्टलहरुलाई यो समस्या बढी देखिन्छ । १० वर्षभन्दा पहिला खासै नदेखिने र त्यसपछि छिटो बढ्दै जाने हुँदा कपडाभित्र छोपिएर यो नदेखिएको पनि हुनसक्छ। त्यसैले किशोरीहरुको यो बाङ्गोपन अलिक बुढी रहेछ भने दुख्ने पनि हुनसक्छ । अन्यथा पछाडिबाट कपडा पुरै खोलेर हेरेपछि मात्रै यो समस्या थाहा हुन्छ । कब भन्ने तरिकाले बाङ्गोपनको कोण नापिन्छ र यसैबाट उपचारको योजना बनाइन्छ । कबकोण ३० डिग्रीभन्दा कम रहेछ भने र सन्तुलित खालको बाङ्गोपन भएमा यसलाई बिनाअपरेसन नै उपचार गरिन्छ । सबै खालको बाङ्गोपनलाई ढाडको व्यायाम नियमित गर्नुपर्दछ। ३० डिग्रीभन्दा कमको बाङ्गोपनलाई विशेष खालको पेटीको प्रयोग गरिन्छ ।

कोणअनुसार बनाइएको पेटी वा ब्रेसलाई परिवर्तन गर्दै लगेर थोरै कोणका बाङ्गोपनलाई क मगर्न सकिन्छ । मांसपेशीहरु व्यायाम र अभ्यासपछि बलिया र ठूला हुन्छन् । जसले मेरुदण्डलाई सपोर्ट गर्छन् । अपरेसन गर्दा बाङ्गोपनलाई सकेसम्म सिधा गराइन्छ । बढ्न नदिनलाई फ्युज गरिन्छ। यसको प्रकोप धेरै भएको ठाउँमा वा देशमा विद्यालय स्क्रिनिङ कार्यक्रमहरु पनि सञ्चालन गरिन्छ । जसले छिट्टै किशोर-किशोरीको यो समस्या पत्ता लाग्दछ र समयमै उपचा गर्न सकिन्छ । हाम्रो देशमा यस्तो गर्न सकिएको छैन । जन्मजात हुने हाडजोर्नीका विकृतिहरु केही रोकथाम वा न्यूनीकरण गर्न सकिने हुन्छन् भने केही हाम्रो नियन्त्रणभन्दा बाहिर हुन्छन् । न्यूनीकरणको उपाय भनेको गर्भावस्थामा आमाको सन्तुलित स्वस्थ्य नै हो । सन्तुलित खानपिन र नियमित शारीरिक व्यायाम जरुरी हुन्छ । गर्भावस्थामा धुम्रपान र मध्यपानले प्रतिकुल असर गर्दछ ।

गर्भावस्थामा नियमित स्वास्थ्य जाँच गर्नुपर्दछ र विकलाङ्ग परीक्षण निकै महत्वपूर्ण मानिन्छ । सही समयमा गरिएको परीक्षणले पनि केही शारीरिक विकृति पहिचान गर्न सकिन्छ । तदनुसार चिकित्सकहरुसँग परामर्श गरी कुनै निक्यौंल गर्न सकिन्छ । प्रविधिको विकाससँगै जन्मजात हुने हाडजोर्नीको विकृतिको पनि विभिन्न पुनर्स्थापनाका उपकरण आविष्कार गरिएका छन् । यसको उचित प्रयोग गरी जीवनयापनमा सहजता ल्याउन गरिएका छन् । यसको उचित प्रयोग गरी जीवनयापनमा सहजता ल्याउन सकिन्छ र मनोबल पनि बढान सकिन्छ ।

# भ्यान्टा कत्तिको खानुहुन्छ ?



तपाई तरकारीमा भ्यान्टा कतिको खाने गर्नुहुन्छ ? थोरै खानुहुन्छ वा खान रुचाउनुहुन्न भने आजैबाट खान सुरु गर्नुहोस् । किनकी भ्यान्ट मानव स्वास्थ्यका लागि निकै फाइदाजनक तरकारी हो । भ्यान्टामा पर्याप्त मात्रामा आइरहन पाइन्छ । शरीरमा आइरन बढाउन मात्र होइन भ्यान्टाले मानब शरिरमा मुटु रोग लगाउने खराब कोलेस्टेरोल घटाउन समेत मद्धत गर्छ। रक्तचापलाई नियन्त्रणमा राख्न समेत सहयोग पुयौउने भ्यान्टामा मानिसलाई चाहिने पोटासियम समेत पर्याप्त मात्रामा पाइन्छ ।

अझ तपाई धुम्रपानको लतमा हुनुहुन्छ र अथक प्रयासका बाबजुत पनि लत छाड्न सक्नु भएको छैन भने भ्यान्टले तपाईलाई सहयोग गर्छ । भ्यान्टामा थोरै मात्रामा निकोटिन समेत पाइने भएकाले चुरोट विस्तारै छाड्न यस्ले सहयोग गर्दछ । चुरोटका अम्मलीले नियमित भ्यान्टा सेवन गर्ने हो भने यस्ले चुरोटको तलतललाई विस्तारै कम गर्दै लान्छ र छुटाउन मद्धत गर्छ । भ्यान्टामा एन्टिअक्सिड समेत पाइने भएकाले छालाको क्यान्सरबाट समेत बचाउँदछ । पर्याप्त मात्रामा क्यालोरीको स्रोत समेत रहेको भ्यान्टामा पानीको मात्रा समेत धैरै हुन्छ । जस्को सेवनले मोटोपन समेत घटाउन सहयोग पुग्छ ।

मधुमेहको रागीका लागि समेत भ्यान्टा उपयोगी हुन्छ । फाइबरको मात्रामा धैरै रहेकाले मधुमेहका बिरामीको सुगरको मात्रा मिलाउन समेत यस्ले मद्धत गर्छ । टाइप टु मधुमेह भएकाहरुलाई अझ यो बढी प्रभावकारी हुन्छ । भ्यान्टाले कपाल झर्ने समस्यालाई समेत कम गर्न मद्धत पुग्दछ।

पत्रिका मागेर होइन
किनेर पढ्ने बानी बसालौं

झुलेनी पोष्ट साप्ताहिक

समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क

०८६-५९०४३६

Email : jhulenipyuthan@gmail.com

# खेतीपातीमा चराको साथ





कृष्णप्रसाद भुसाल

रासायनिक विषादी हालिएका खेतका कृषि उपज र किरा खाँदा चराको श्वासप्रश्वासमा समस्या आउने, स्नायु प्रणालीमा असर पर्ने, तौल घट्ने र प्रजनन नहुने हुने गर्छ। सन् १९५८ मा माओ त्सेतुङले चीनमा 'भँगेरा सखाप' अभियानको घोषणा गरे। अन्नबाली नोक्सान गरेको ठानेर चालिएको यो अभियानमा ६० करोडभन्दा बढी भँगेरा मारिएको बताइन्छ। बिडम्वना भँगेरा सखाप पारेपछि त्यहाँको कृषि उत्पादन झन् घट्यो। भँगेराले अन्न मात्र खाँदैनथे, किराफट्याङ्ग्रा पनि खान्थेँ।

भँगेरा नहुँदा सलह र अन्य हानिकारक किराको संख्या ह्वात्तै बढ्यो फलस्वरूप अन्न कम भयो, भोकमरी झन् बढ्यो र यसैका कारण डेढ करोडभन्दा बढी मानिसले ज्यान गुमाएको चिनियाँ सरकारको तथ्यांक छ। सन् १९६० मा माओले यो अभियान फिर्ता लिए र कृषि उत्पादन दिगो राख्न भँगेराको पनि आवश्यकता महसुस गरी जोगाउन अपिल गरे। तर, चीनमा भँगेरा लगभग लोप भइसकेको थियो। यो अभियानबाट एउटा प्रजाति लोपोन्मुख मात्र भएन, सन्तुलित पर्यावरण नै खलबलियो, लाखौं मानिस भोकले मर्नुपऱ्यो, चरा मार्ने र खाने प्रचलन पनि व्यापक भयो।

स्न १९३२ मा अस्ट्रेलियाको सैनिकलाई 'इमु चरा' मार्न निर्देशन दिइयो। किसानको खेती जोगाउन भन्दै हजारौं ' इमु' मारियो। तर मान्छेले आक्रमण गरेकोमा रिसाएका इमुले किसानको झन् धेरै अन्नबाली नोक्सान मात्र गरेनन्, सन्तान उत्पादन क्षमतासमेत बढाए। पछि अस्ट्रेलिया सरकारले 'इमु' मार्ने निर्णय फिर्ता लियो, सेनाको हार भयो। त्यस्तै औद्योगिक कृषि मलको अविष्कार भइनसकेको अठारौं शताब्दीमा चराको दिसा सबैभन्दा उत्तम मल मानिन्थ्यो र व्यापक प्रयोग गरिन्थ्यो। खासगरी समुद्री तटमा लाखौंको संख्यामा रहने चराको बिष्टा (गुवानो) को स्वामित्वका लागि देशहरूबीच लडाइँ नै भयो। सन् १८६४ मा पेरुभिएन टापुमा थुप्रिएको गुवानोका लागि स्पेनको पेरु, इक्वेडर र बोलेभियासँग युद्ध भएको इतिहास छ।

यस्ता दृष्टान्तबाट चरा र कृषि पर्यावरण परिपूरक हुन भन्ने थाहा हुन्छ। चरा मात्र होइन माहुरी, पुतली, माकुराजस्ता किरादेखि चरनमा रमाउने ठूला जनावरसम्म कृषि प्रणालीका सारथि हुन्। तर पछिल्लो समय कृषिको व्यापक आधुनिकीकरण र व्यवसायीकरणसँगै यसका परम्परागत प्राकृतिक प्रणालीहरू खलबलिँदै छन्। विश्वको करिब ३८ प्रतिशत जमिनमा खेती गरिन्छ, मान्छेले छिटोभन्दा छिटो ठूलो परिणाममा उत्पादन गर्नेतिर मात्र ध्यान दिँदा कृषि पर्यावरणले आफ्नो प्राकृतिक स्वरूप, गुणस्तर र दिगोपन भने गुमाउँदै गएको छ। बर्डलाइफ इन्टरनेसनलका अनुसार विश्वमा चरा लोप हुँदै जानुको एउटा प्रमुख कारण आधुनिक कृषि प्रणालीको तीव्र विकास हो। विश्वमा पाइने ११ हजारभन्दा बढी प्रजातिका चरामध्ये करिब १५ सय प्रजाति लोपोन्मुख अवस्थामा छन्, जसमध्ये ७४ प्रतिशत प्रजाति बदलिँदो खेती प्रणालीको प्रत्यक्ष मारमा परेका छन्। कृषि क्षेत्रको विस्तारका कारण प्राकृतिक वातावरण नासिँदा चराको बासस्थान पनि हराएको छ। चिया, कफी, उखुजस्ता एकै जातका बालीनालीको खेती गरिँदा धेरै चरालाई सुहाउँदो आहार र उपयुक्त बासस्थान उपलब्ध हुँदैनन्। रासायनिक विषादीको व्यापक प्रयोग भएका खेतका कृषि उपज र किरा खाँदा चराको श्वासप्रश्वासमा समस्या आउने, स्नायु प्रणालीमा असर पर्ने, तौल घट्ने र प्रजनन नहुने विभिन्न अध्ययनले देखाएका छन्। संयुक्त राज्य अमेरिकामा मात्र हरेक वर्ष ६ करोड ७० लाख चरा रासायनिक विषादीको प्रयोगका कारण मर्ने र करिब ६० करोड चरा प्रभावित हुने वैज्ञानिकहरू बताउँछन्। डीडीटीजस्तो विषादीका कारण शाही बाज र अन्य सिकारी चराहरूको अन्डाको बोक्रा पातलो भएर प्रजनन असफल हुनु अहिले ठूलो चुनौती बनिरहेको छ। बसाइँसराइ गर्ने चराहरू विषादीका कारण तौल कम भई कमजोर हुँदा गन्तव्यसम्म उडान भर्न र स्नायु प्रणालीमा असर पर्ने हुँदा गन्तव्यसम्म पुग्ने बाटो पहिचान गर्न पनि सक्दैनन्।

कृषिको तीव्र व्यावसायीकरणसँगै चराहरू घट्दै गएका छन्। संयुक्त राज्य अमेरिका र क्यानडामा सन् १९६६ देखि २०१३ सम्मको अध्ययनमा कृषि क्षेत्रमा बस्ने चराको संख्या ७४ प्रतिशतले घटेको छ। युरोपमा पनि सन् १९८० को दशकदेखि खेतबारीमा पाइने चराको संख्या ५७ प्रतिशतले कम भएको छ। युरोप र एसियाका खेतबारी र सँगैको सिमसार क्षेत्रमा बस्ने भँगेरा आकारको बगालेबगेडीको संख्या पनि स्न १९८० देखि २०१३ सम्म ९० प्रतिशतभन्दा बढीले घटेको छ। युरोपका खेतबारीमा पाइने तामे ढुकुर प्रजातिको संख्या गत १५ वर्षमा ४९ प्रतिशतले कम भयो।

नेपालमा पाइने ८ सय ९० प्रजाति चरामध्ये करिब २१ प्रतिशत कृषि क्षेत्रमा बस्छन् र त्यसमा पनि विश्वमै दुर्लभ चराका ४३ प्रजातिमध्ये करिब आधा प्रजाति कृषि क्षेत्रमा निर्भर छन्। कान्लामा गुँड बनाउने संसारको सबैभन्दा अग्लो चरा सारस हुन् वा खेतहरू बीचका अग्ला रूखमा गुँड बनाउने गरुड, गिद्ध वा जाडोयाममा मंगोलियाबाट हाम्रो खेतबारीमा आउने पाहुना बगालेबगेडी, यी सबै लोपोन्मुख छन्। नेपालको कृषि क्षेत्रमा निर्भर चराको अवस्था र तिनले भोगिरहेका चुनौतीका विषयमा विद्यावारिधि गर्नुभएका हेमबहादुर कटुवालको हालैको अनुसन्धानमा सुनसरी, सर्लाही, चितवन तथा कपिलवस्तुका कृषि क्षेत्रमा २०१ प्रजातिका चरा पाइने र तीमध्ये ९ प्रजाति विश्वमै दुर्लभ रहेको अनि २६ प्रजाति राष्ट्रिय रूपमा संकटापन्न अवस्थामा रहेको तथ्य पाइन्छ। रोचक त, वन र नदीको बहाव क्षेत्रमा भन्दा कृषि क्षेत्रमा चराको प्रजाति र संख्या बढी देखिएको छ। यो अध्ययनमा तराईमा विभिन्न बालीको मिश्रित तथा बीचबीचमा रूखहरू भएका खेतमा चराहरूको विविधता र संख्या बढी पाइएको छ। बहुवर्षीय बालीले भन्दा मौसमअनुसार लगाइने फरक-फरक खेतीले धेरै चरालाई आकर्षित गर्ने देखिएको छ। अध्ययनमा उखु खेती पनि गरिएका क्षेत्रमा प्रजाति बढी पाइने र धान खेतमा संख्यात्मक हिसाबले धेरै चरा पाइने उल्लेख छ। कटुवालकै अर्को अध्ययनमा तराईका ७ सय ४३ किसानमध्ये ६३ प्रतिशतले चरालाई मन पराएको र चराले उनीहरूलाई कुनै न कुनै रूपमा फाइदा पुऱ्याएको बताएका छन्। यसले के देखाउँछ भने, हाम्रो मिश्रित बालीको खेती गर्ने, मौसमअनुसारका फरक-फरक बाली लगाउने, खेतका बीचमा रूखहरू पनि जोगाउने परम्परागत खेती प्रणाली अत्यन्तै पर्यावरणमैत्री, सन्तुलित र दिगो छ। तर कटुवालको अध्ययनले यसको बदलिँदो र बिग्रँदो पाटो पनि उजागर गरेको छ। पछिल्ला दिनहरूमा खेतीयोग्य जमिनमा जथाभावी र मनोमानी तवरले घर, बाटो बनिरहेका छन्, बिजुलीका तारहरू राखिएका छन्। अध्ययनबिना इँटा उद्योग सञ्चालन र अनियन्त्रित ढुंगा, माटोको उत्खननले कृषि पर्यावरण नै खलबलिएको छ। चराहरूको चोरीसिकार पनि बढेको छ। मात्रा र सावधानीसम्बन्धी कुनै जानाकारीबिना विषादीको प्रयोग व्यापक बन्दै गएको छ। कृत्रिम वातावरण सिर्जना गरेर ठूलो परिणाममा उत्पादन गर्न अनेक हतकण्डा अपनाउने प्रवृत्ति मौलाएको छ। यसले चरा र किसानबीच द्वन्द्व पनि बढाएको छ। राज्यले पनि खेतीयोग्य जमिनको पहिचान गरी गुणस्तरीय र दिगो कृषि उत्पादनको प्रवर्द्धनमा खासै चासो दिएको छैन। स्थानीय सरकारले यो पाटोलाई बेवास्ता गरिरहेका छन्। उनीहरूको ध्यान अनुदान वितरण र राहात उपलब्ध गराउनेमा मात्र छ, जुन दिगो समाधानको बाटो हुँदै होइन।

स्वाभाविक रूपमा खाद्यान्नको बढ्दो मागलाई पूर्ति गर्न उत्पादनलाई बढाउनुपर्ने बाध्यता छ तर यसको मतलब गुणस्तरीय, दिगो र पर्यावरणमैत्री उत्पादन र यसका प्राकृतिक प्रणालीहरूलाई बिर्सनु हुँदैन। कृषिमा आधुनिकीकरण भनेको बढी उत्पादन गर्नु मात्र होइन, त्यसको गुणस्तर कायम राख्नु र दिगो बनाउनु पनि हो। तर हाम्रोमा माटो र वातावरणको ख्यालै नगरी रासायनिक मल र विषादिको जथाभावी प्रयोग गरिन्छ। यसले माटोको उर्वराशक्ति घटाउनुका साथै उत्पादित चिजले नै विषको काम गर्ने खतरा रहन्छ। त्यस्तै यहाँको हावापानीमा अनुकूलित भएका स्थानीय जातका बालीहरू विस्तारै विस्थापित भइरहेका छन्, योसँगै पौष्टिकता मात्र हराएका छैनन्, बीउ, औजार र प्रविधिमा समेत परनिर्भरता बढ्दै छ। गहिरिँदो खाद्य संकट समाधान गर्दै भविष्यमा खाद्य सुरक्षाको सुनिश्चितताका लागि मात्रात्मक उत्पादन बढाउने मात्र होइन दिगो, गुणस्तरीय र पर्यावरणमैत्री कृषि उत्पादन, त्यसको बजारीकरण र जिम्मेवार उपभोगमा पनि जोड दिनुपर्छ। यसका लागि प्रांगारिक उत्पादन र 'इन्टिग्रेटेड पेस्ट म्यानेजमेन्ट' जस्ता विधि अपनाउनुका साथै परम्परागत ज्ञान र सीपलाई समयानुल परिष्कृत र प्रभावकारी बनाउँदै लैजानुपर्छ। यस्ता विधिमा चरा, माहुरी, पुतली तथा गड्यौलाले महत्त्वपूर्ण सहयोग गर्छन।

विश्व प्रांगारिक कृषितिर ढल्कँदै छ, १८७ देशको ७ करोड २३ लाख हेक्टर जमिनमा ३१ लाख किसानले प्रांगारिक कृषिलाई अपनाएको बताइन्छ। कयौं बाली र फलफूलको बीउ वितरण र परागसेचनमा चराको महत्त्वपूर्ण भूमिका हुन्छ। कतिपय बीउ त चराले खाएर बिष्टाएपछि मात्र उम्रन सक्छन्। किसानको साथी भनिने गोठे लाटोकोसेरोको जोडीले एक प्रजनन अवधिमा करिब ३ हजार मुसा खाने कतिपय अध्ययनले देखाएका छन्। यसबाट चराले किसानलाई पुऱ्याउने सहयोगको सहजै अनुमान गर्न सकिन्छ। त्यसैले कृषि र चराको अन्तरसम्बन्धलाई खलबलिन दिनु हुन्न।

**भुसाल पंक्षीविज्ञ हुन्।**

सम्पत्ति विवरण समयमै बुझाऔं, जरिवानाबाट बचौं।

-सार्वजनिक पद धारण गरेको व्यक्ति तथा राष्ट्रसेवकले आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरौं।

-आर्थिक वर्ष शुरु भएको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेश गरौं।

-भ्रष्टाचारमा शुन्य सहनशिलता अपनाऔं।

नेपाल सरकार विज्ञापन बोर्ड

# ५ बर्ष देखि ११ बर्ष सम्मका बालबालिकाहरू लाई फाइजर बायोएनटेक पेडियाट्रिक खोप लगाउने सम्बन्धि सूचना ।

प्युठान जिल्लामा यही २०७९ साल भदौ महिनाको ५ गते देखि ११ गते सम्म सबै पालिका अन्तरगतका स्वास्थ्य संस्थाहरु मार्फत तोकिएका विद्यालयहरु र स्वास्थ्य संस्थामा कोभिड विरुद्धको फाइजर बायोएनटेक पेडियाट्रिक खोप अभियान संचालन हुँदैछ । यस अभियानमा ५ बर्ष देखि ११ बर्ष सम्मका सबै बालबालिकाहरु लाई कोभिड रोग विरुद्धको खोप लगाइदै छ । यस अभियानमा आफ्ना बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर नछुटाई कोभिड रोग विरुद्धको खोप लगाउनुहुन अनुरोध छ । यो अभियानमा तोकिएको मितिमा आफ्नो स्थानीय तह वा वडा अन्तरगतको विद्यालय तथा स्वास्थ्य संस्थामा संचालन हुने खोप केन्द्रमा लगि बालबालिकालाई खोप लगाऔं । थप जानकारीको लागी नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।

**अनुरोधक**
**स्वास्थ्य कार्यालय प्यूठान**

# गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवं अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।

**अनुरोधक**
**नौबहिनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, बाहने प्यूठान**

# निर्वाचन कार्यक्रम सम्बन्धी सुचना

विजय फुलबारी बचत तथा ऋण सहकारी संस्था लि.को यहि २०७९ भाद्र १८ गते हुन गइरहेको सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचनको कार्यक्रम निम्नानुसार हुने भएकाले सम्बन्धित सम्पूर्ण मतदाताहरुलाई (शेयर सदस्य) जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।

**निर्वाचन कार्यक्रम**

| मिति | समय | कार्यक्रम |
|---|---|---|
| २०७२/०५/१० | बिहान १० बजे | मतदाता नामावली प्रकाशन |
| २०७२/०५/११ | बिहान १० देखि सांझ ४ बजे सम्म | छुट नाम दर्ता, सच्याउने वा हटाउने |
| २०७२/०५/१२ | बिहान १० बजे | अन्तिम नामावली प्रकाशन |
| २०७९/०५/१३ | बिहान १० देखि सांझ ३ बजे सम्म | उम्मेदवारी दर्ता |
| २०७९/०५/१४ | बिहान ११ बजे | उम्मेदवारको नामावली प्रकाशन |
| २०७९/०५/१५ | बिहान १० देखि सांझ ४ बजे सम्म | दावी विरोध र उम्मेदवारी नाम फिर्ता |
| २०७९/०५/१५ | साँझ ५ बजे | दावी विरोध उपर छानविन र उम्मेदवार हरुको अन्तिम नामावली प्रकाशन |
| २०७९/०५/१८ | दिउसो १:३० देखि ५:३० बजेसम्म | मतदान कार्यक्रम |
| २०७९/०५/१८ | मतदान पश्चात | मतगणना |
| २०७९/०५/१८ | मतगणना सम्पन्न पश्चात | निर्वाचन परिणाम घोषणा |
| २०७९/०५/१५ | निर्वाचन परिणाम पश्चात | सपथ ग्रहण |

**निर्वाचन समिति**
**विजय फुलबारी बचत तथा ऋण सहकारी संस्था लि.**


# के तपाई घर बनाउँदै हुनुहुन्छ? आफ्नो घर अरूको भन्दा फरक र आकर्षक होस् भन्ने चाहाना राख्नु भएको छ ?

**त्यसो हो भने हामीलाई सम्झनुहोस् । अब प्यूठानमा पहिलोपटक आकर्षक तथा उत्कृष्ट कोरियन यू.पि.भि.सि. प्रविधिका गुणस्तरिय झ्याल, पार्टेसन र ढोकाहरू हामीले लिएर आएका छौं ।**



**साथै घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्री आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।**

**प्रो. प्रभात के.सी. ९८५७८३३९८१/९८४७८२१९८०**

# एसियन यू.पि.भि.सि. एण्ड सप्लायर्स
**प्यूठान नगरपालिका ४ जुम्री बजार प्यूठान**



**झुलेनी पोष्ट** साप्ताहिक
**समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क :**
०८६-५९०४३६ Email : jhulenipyuthan@gmail.com



**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : भिजन अफसेट प्रेस जस्पुर, प्यूठान